# थारू आयोग
# आठौँ वार्षिक प्रतिवेदन

## (आ.ब. २०८२/८३)

**थारू आयोग**

अनामनगर, काठमाडौं, नेपाल

२०८३

# थारू आयोग
# आठौँ वार्षिक प्रतिवेदन

## (आ.ब. २०८२/८३)

**थारू आयोग**
अनामनगर, काठमाडौं, नेपाल
२०८३

## प्रतिवेदन तयारी समिति

| | | | |
|---|---|---|---|
| १. | संयोजक | **अन्जु सिंह के.सी.** | उपसचिव |
| २. | सदस्य | **उदय राज भट्टराई** | शाखा अधिकृत |
| ३. | सदस्य | **प्रमोद बहादुर चन** | शाखा अधिकृत |
| ४. | सदस्य | **सुदिप तिवारी** | लेखापाल |
| ५. | सदस्य | **फणिन्द्रशंकर घिमिरे** | नायब सुब्बा |
| ६. | सदस्य | **साधना वली** | नायब सुब्बा |
| ७. | सदस्य | **पार्वती कुमारी नेपाल** | कम्प्यूटर अपरेटर |

## सुझाव तथा सम्पर्कका लागि ठेगाना

**थारू आयोग**, अनामनगर, काठमाडौं, नेपाल

**फोन नं.** : ०१-५७०५११८, ०१-५७०५११९, ०१-५७०५०८४

**टोल फ्रि नम्बर** : १६६०-०१-५७-०००

**इमेल** : info@tharucommission.gov.np

**वेबसाइट** : http://www.tharucommission.gov.np

# थारू आयोग
## नेपाल

मिति: २०८३/०५/

**सम्माननीय राष्ट्रपतिज्यू**

राष्ट्रपति भवन, शीतल निवास,

काठमाडौं ।

**विषय: आठौँ वार्षिक प्रतिवेदन पेश गरिएको ।**

नेपालको संविधानको धारा २९४ र थारू आयोग ऐन, २०७४ को दफा २२ मा व्यवस्था भए बमोजिम थारू आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका काम कारवाहीको आठौं वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय

**सुबोध सिंह थारू**

का.वा.अध्यक्ष

# थारु आयोगका पदाधिकारीहरु



मा. सुबोध सिंह थारु
का.वा. अध्यक्ष



मा. भोलाराम चौधरी
सदस्य



मा. शान्ती मोदी
सदस्य

# थारू आयोग
# नेपाल

## मन्तब्य

नेपालको संविधानको धारा २६३ ले नेपालमा एक थारू आयोग रहने व्यवस्था गरेको छ। यसै गरी थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्ने उद्देश्यले थारू आयोग सम्बन्धमा आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन, २०७४ जारी भएको छ। यस आयोगले ऐनले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही प्रचलित नीति तथा कानुनअनुसार आफ्नो लक्ष्य एवं उद्देश्य पूरा गर्ने दिशामा निरन्तर क्रियाशील रहने क्रममा करिब नौ आर्थिक वर्ष व्यतीत गरेको छ।

नेपालको संविधानको धारा २९४ तथा थारू आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगले आफूले गरेको काम-कारबाहीका सम्बन्धमा वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था रहेको छ। यसै सन्दर्भमा प्रचलित कानुनअनुसार सम्पादित प्रमुख कार्य, सोको उपलब्धि, समस्या तथा चुनौतीहरू र सुझावलगायतका विषयहरू समेटी आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्न पाउँदा गौरवान्वित भएको छु।

आयोगका वार्षिक प्रतिवेदनहरू पेस हुँदाका अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शनले आयोगलाई कार्यसम्पादनमा थप हौसला मिलेको छ। साथै, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिसँग आयोगका वार्षिक प्रतिवेदनहरूमाथि भएको छलफल तथा प्राप्त मार्गनिर्देशनले आगामी कार्यदिशा पहिल्याउन थप मद्दत गर्नेछ। यस प्रतिवेदन पेस भएपश्चात् प्राप्त हुने मार्गनिर्देशनले आयोगको काम-कारबाही तथा थारू समुदायको हकहितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणमा थप सुधार आउने विश्वास लिएको छु।

आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ को विश्वव्यापी प्रकोप, २०८१/८२ देखि रिक्त रहेका दुई सदस्य, सिमित कर्मचारी, सिमित स्रोत-साधन तथा आयोगले पूर्णता नपाएको अवस्थामा समेत आयोगले आफ्नो कार्यसम्पादनलाई अपेक्षित गतिमा अघि बढाउने प्रयास गरेको र अधिकांश उपलब्धि हासिल गर्न सकेको अनुभूति गरेको छु।

यस आयोगलाई निरन्तर साथ, सहयोग, हौसला र प्रेरणा दिनुहुने थारू समुदायका सरोकारवाला संघ-संस्था, बुद्धिजीवी एवं सम्पूर्ण थारू समुदायप्रति व्यक्तिगत तथा संस्थागत रूपमा कृतज्ञता व्यक्त गर्दछु। आयोगको काम-कारबाहीमा समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्न तल्लीन भई सकारात्मक पहल कदमी चाल्नुभएकोमा नेपाल सरकार, संवैधानिक आयोगहरू, ७ वटै प्रदेश सरकार तथा स्थानीय तहहरूप्रति आभार व्यक्त गर्दछु।

यसै गरी आयोगको काममा प्रशासनिक नेतृत्व प्रदान गर्नुका साथै प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने आयोगका सचिव तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**मा. सुबोधसिंह थारू**
का.वा. अध्यक्ष

# थारू आयोग
# नेपाल

## मन्तब्य

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो । यही विविधता नेपालको पहिचान, शक्ति र सुन्दरताको आधार पनि हो । थारू समुदाय नेपालको इतिहास, कृषि, अर्थतन्त्र, संस्कृति तथा सामाजिक जीवनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको आदिवासी जनजाति समुदाय हो। आफ्नै भाषा, संस्कृती, परम्परा, कला र पहिचान बोकेको थारू समुदायले राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेले पनि ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक विभेदका कारण अपेक्षित विकास र प्रतिनिधित्व प्राप्त गर्न अझै चुनौतीको सामना गरिरहेको छ।

नेपालको संविधानले समानता, सामाजिक न्याय, समावेशिता तथा पछाडि पारिएका समुदायको अधिकार सुनिश्चित गर्ने संवैधानिक आधार निर्माण गरको छ। यही व्यवस्था अनुसार थारू आयोग थारू समुदायका संवैधानिक तथा कानुनी अधिकारको संरक्षण, प्रबर्द्धन र कार्यान्वयनका लागि स्थापित संवैधानिक निकाय हो। आयोगको वार्षिक प्रतिवेदन केवल एक वर्षका गतिविधिको प्रतिबिम्ब हो।

आयोगले थारू समुदायसँग सम्बन्धित विभिन्न विषयमा अध्ययन, अनुसन्धान, अनुगमन, अन्तरक्रिया, सुझाव तथा सिफारिस गर्दै आएको छ । समुदायसँग प्रत्यक्ष संवाद गरी वास्तविक समस्या पहिचान गर्ने, सम्बन्धित सरकारी निकायसँग समन्वय गर्ने र नीति निर्माणका लागि आवश्यक सुझाव दिने कार्यमा आयोगले भूमिका निर्वाह गर्दै आएको छ। आगामी दिनमा प्रतिवेदनमा उल्लेखित समस्या, सुझाव तथा सिफारिसलाई व्यवहारमा कार्यान्वयन गर्नु अझ महत्वपूर्ण हुनेछ।

थारू समुदायको समग्र विकासका लागि पहिलो प्राथमिकता शिक्षा हुनुपर्छ । शिक्षामा पहुँच विस्तार भएता पनि गुणस्तरीय र व्यवहारिक शिक्षाको समान अवसर सबै थारू समुदायले अझै पाउन सकेका छैनन्। ग्रामीण क्षेत्र, विपन्न परिवार तथा सीमान्तकृत बालबालिकालाई विद्यालयमा टिकाइराख्ने, उच्च तथा प्राविधिक शिक्षामा पहुँच बढाउने र छात्रवृत्ति तथा अवसरलाई प्रभावकारी बनाउनेतर्फ राज्यले विशेष ध्यान दिनुपर्छ। मातृभाषामा प्रारम्भिक शिक्षा तथा थारू भाषा र साहित्यको संरक्षण पनि उत्तिकै आवश्यक रहेको छ।

भूमि, प्राकृतिक स्रोत, परम्परागत ज्ञान तथा सांस्कृतिक सम्पदासँग सम्बन्धित अधिकार अत्यन्त संवेदनशील विषय हुन्। विकासका नाममा स्थानीय समुदायको अधिकार र हितमा नकारात्मक असर पर्न नदिन विकास र संरक्षणबीच सन्तुलन कायम गर्नुपर्छ। स्थानीय समुदायको अर्थपूर्ण सहभागिताबिना दिगो र न्यायपूर्ण विकास सम्भव हुँदैन।

यसका अतिरिक्त राजनीतिक तथा प्रशासनिक क्षेत्रमा थारू समुदायको अर्थपूर्ण प्रतिनिधित्व आवश्यक छ। समावेशिताको उद्देश्य संख्या बढाउनु मात्र नभई निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु हो । संघ, प्रदेश र स्थानीय तहका नीति निर्माण तथा कार्यान्वयनमा थारू समुदायको न्यायोचित सहभागिता बढाउनुपर्छ। साथै थारू महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समूहका विशिष्ट समस्यालाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्छ।

आयोगको मुख्य जिम्मेवारी थारू समुदायका अधिकार र समस्यालाई राज्यसमक्ष प्रभावकारी रुपमा उठाउनु हो । आयोगले गरेका सिफारिस कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक छ। सम्बन्धित निकायले सिफारिसलाई गम्भीरतापूर्वक ग्रहण गरी आवश्यक नीति, बजेट, कार्यक्रम तथा संस्थागत व्यवस्था गर्नुपर्छ। आयोगले पनि कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्छ।

समग्रमा सामाजिक न्याय, समानता, समावेशी विकास, सांस्कृतिक संरक्षण, शिक्षा, आर्थिक सशक्तीकरण, राजनीतिक प्रतिनिधित्व र अधिकारको प्रभावकारी कार्यान्वयन थारू समुदायको भविष्य निर्माणको आधार हो । थारू समुदायको अधिकार संरक्षण गर्नु नेपालको समावेशी लोकतन्त्रलाई बलियो बनाउने महत्वपूर्ण आधार भएकोले राज्यका सबै निकाय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत् र स्वयं समुदायबीच सहकार्य आवश्यक रहेको छ। आयोगको आठौं वार्षिक प्रतिवेदनले विगतका उपलब्धिको समीक्षा गर्दै आगामी दिनमा थारू समुदायको जीवनस्तर सुधार, अधिकार सुनिश्चितता र समान अवसरका लागि स्पष्ट कार्यदिशा प्रदान गर्ने अपेक्षा गरेको छु।

धन्यवाद ।

**मा. भोलाराम चौधरी**
सदस्य

# थारू आयोग
# नेपाल

## मन्तब्य

नेपालको संविधानको धारा २६३ बमोजिम स्थापित थारू आयोगले थारू समुदायको इतिहास, संस्कृति, भाषा, परम्परा तथा पहिचानको संरक्षण र सम्बर्द्धन गर्दै थारू समुदायको हक, हित र अधिकारको सुनिश्चितता तथा सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आएको सर्वबिदितै छ।

यस आयोगको आठौं वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा मलाई अत्यन्त खुशी र गौरवको अनुभूति भएको छ। यस प्रतिवेदनमा आयोगले आर्थिक वर्षभरि सम्पादन गरेका कार्यहरू, हासिल गरेका उपलब्धिहरू, देखिएका चुनौतीहरू तथा आगामी दिनमा गर्नुपर्ने कार्यहरूलाई समेट्ने प्रयास गरिएको छ।

यस अवधिमा आयोगले बिभिन्न समस्या तथा अवरोह आरोहका बिचमा पनि थारू समुदायका विभिन्न सवालहरूलाई प्राथमिकतामा राख्दै सम्बन्धित सरोकारवाला निकाय, स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकारका विभिन्न निकाय, विज्ञ तथा समुदायका प्रतिनिधिहरूसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रयास गरेको छ। आगामी दिनमा पनि आयोगका सिफारिस तथा सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायसँग थप समन्वय र सहकार्य आवश्यक रहेको मैले महसुस गरेको छु।

विशेषतः थारू समुदायको पहिचानको संरक्षण, भाषा तथा संस्कृतिको विकास, शिक्षा र रोजगारीमा समान अवसर, भूमिहीन तथा विपन्न समुदायको आर्थिक सशक्तीकरण, महिला तथा युवाको क्षमता विकास, परम्परागत ज्ञान तथा सीपको संरक्षण, स्वास्थ्य सेवामा पहुँच र राज्यका सबै तहमा अर्थपूर्ण प्रतिनिधित्व जस्ता विषयलाई आगामी दिनमा अझ प्राथमिकताका साथ अघि बढाउन आवश्यक छ।

अन्त्यमा, नेपालको संविधानको धारा २६३ बाट प्राप्त संवैधानिक जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै थारू समुदायको हक, हित, अधिकार, पहिचान तथा समग्र विकासका लागि आयोगलाई अझ सक्षम, सुदृढ र परिणाममुखी बनाउन निरन्तर योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद।

मा. शान्ती मोदी
सदस्य

# प्रतिवेदन सारांश

१. थारू समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्दै सबै जातजाति, भाषाभाषी र धर्म-संस्कृतिका बीच सहकार्य, सह-अस्तित्व र सहिष्णुता कायम गरी समतामुलक समृद्ध नेपाल बनाउने थारू आयोगको दुरदृष्टि रहेको छ। थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय, थारू समुदायको हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, थारू समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, थारू समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त सुझावहरू कार्यान्वयन गर्न र चाल्नुपर्ने कदम समेतका सम्बन्धमा नेपाल सरकारलाई सिफारिश तथा सुझाव दिने उद्देश्यले स्थापना भएको संवैधानिक आयोग हो।

२. नेपालको संविधान र थारू आयोग ऐन, २०७४ मा उल्लिखित आयोगको काम, कर्तव्य र अधिकार, दीगो विकास लक्ष्य, सोह्रौं योजनाले लक्षित गरेका नीति तथा कार्यक्रम, अन्तर्राष्ट्रिय कानून र नेपालले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिबद्धताहरू, संयुक्त राष्ट्र संघ र यस अन्र्तगतका निकायहरूसँग गरिएका सन्धि सम्झौताहरू यस आयोगका कार्यक्षेत्रका मुख्य आधारस्तम्भका रुपमा रहेका छन्।

३. आयोगले थारू समुदायको उद्‌गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्धन गर्ने, थारू समुदायमा रहेका परम्परागत सीप, प्रविधिर विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने र समुदायको उत्थानका लागि नेपाल सरकारलाई सिफारिश तथा सुझाव दिने कार्य गरिरहेको छ।

४. आर्थिक वर्ष २०८२/८३ मा आयोगले आफ्नो जिम्मेवारीभित्रका विभिन्न विषयमा गोष्ठी, अन्तरक्रिया, छलफल र स्थलगत अनुगमन गरी प्राप्त सुझावहरू संकलन गरी कार्यान्वयन गर्दै आएको छ।

५. थारू समुदायभित्रका ५२३ थर र ५३१ उपथरहरूको सूचीकरणका लागि साविकको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र हालको भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिश गरेको छ।

६. नेपाल सरकारबाट आर्थिक वर्ष २०८२/८३ मा आयोगलाई विभिन्न कार्यक्रम स्वीकृत गरी रकम विनियोजन भएकोमा ती सवै कार्यक्रम कार्यान्वयन गरी सम्पन्न भएका छन्।

७. आयोगमा ५ जना पदाधिकारी मध्ये हाल ३ जना पदाधिकारी र सचिवको नेतृत्वमा विभिन्न श्रेणीका २१ जना कर्मचारी कार्यरत छन्।

८. आयोगलाई जिम्मेवारी बमोजिम कार्यक्रमहरू स्वीकृत नहुनु, रिक्त पदमा पदाधिकारीको नियुक्ति समयमा नहुनु, कर्मचारीहरूको दरवन्दी कटौती हुनु तथा कार्यरत कर्मचारीको संख्या न्यून हुनु, कार्यक्षेत्र र जिम्मेवारीको अनुपातमा कार्यक्रम स्वीकृत नहुनु, स्वीकृत कार्यक्रममा पर्याप्त बजेट विनियोजन नहुनु समेतका कारणले आयोगको कार्य सम्पादन र जिम्मेवारी बहनमा प्रत्यक्ष असर पुगेको छ। उल्लेखित विषयका साथै आयोगले लिएका उद्देश्य तथा जिम्मेवारी पुरा गर्न सरकारको तर्फबाट गम्भीरतापूर्वक लिई आवश्यक सहयोग तथा सहजिकरण गर्नुपर्ने देखिन्छ।

# विषय वस्तु


| शीर्षक | पृष्ठ |
|---|---|
| **परिच्छेद – एक** | **१९** |
| परिचय | १९ |
| **परिच्छेद – दुई** | **२६** |
| आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू | २६ |
| **परिच्छेद – तीन** | **२९** |
| आयोगको काम, कर्तव्य र अधिकार | २९ |
| **परिच्छेद – चार** | **३१** |
| आयोगले दिएका सिफारिस तथा सुझावहरू | ३१ |
| **परिच्छेद – पाँच** | **३२** |
| आयोगको बैठकका निर्णयहरू र कार्यान्वयनको अवस्था | ३२ |
| **परिच्छेद – छ** | **३४** |
| संघ, प्रदेश र स्थानीय तहहरूलाई सुझावहरू | ३४ |
| **परिच्छेद – सात** | **४९** |
| आ.ब.२०८२/८३ मा भएका अध्ययन कार्यक्रम, सिफारिस र सुझावहरूः | ४९ |
| क) संघ, प्रदेश तथा स्थानीय सरकारलाई सुझावहरू | ५० |
| ख) थारू समुदाय तथा थारू सम्बद्ध संघसंस्थालाई सुझावहरू | ५१ |
| **परिच्छेद – आठ** | **५३** |
| हालसम्म गरेका सिफारिस तथा सुझावहरू र कार्यान्वयनको अवस्था | ५३ |
| **परिच्छेद – नौ** | **५७** |
| आ.ब. २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरू | ५७ |
| **परिच्छेद – दश** | **६८** |
| आ.ब. २०८२/८३ मा सम्पन्न कार्यक्रमहरूको प्रगति विवरण | ६८ |
| **परिच्छेद – एघार** | **६९** |
| आयोगका पदाधिकारीहरूबाट भएको अनुगमन तथा निरीक्षण सम्बन्धी विवरण | ६९ |
| **परिच्छेद – बाह्र** | **७५** |
| आयोगको वार्षिक प्रगति विवरणः | ७५ |
| **परिच्छेद – तेह्र** | **७६** |
| थारू आयोगबाट हालसम्म भएका अध्ययन कार्यक्रमको विवरण | ७६ |

**परिच्छेद – चौध** ७८
सुशासन प्रवर्द्धन सम्बन्धी व्यवस्था ७८

**परिच्छेद – पन्ध्र** ७९
आयोगका समस्या, चुनौती र सिफारिस एवम् सुझावहरू ७९

## अनुसूची

**अनुसूची – १** ८५
आ.ब. २०८२/८३ मा थारू आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको विवरण ८५

**अनुसूची – २** ८६
संविधान संशोधनका लागि गरिएका सिफारिस तथा सुझावहरू ८६

**अनुसूची – ३** ९३
पहिरन तथा गरगहनाको तस्विरहरू ९३

**अनुसुची – ४** ९९
आ.ब.२०८२/८३ मा संचालन भएका गतिविधिहरूको तस्विरहरू ९९

# परिच्छेद - एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मूलुक हो। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १२४ भाषाभाषी र १४२ जातजाती रहेका छन्। यी विभिन्न जातजाति र समुदाय मध्ये थारू समुदाय पनि एक हो। थारू समुदाय नेपालका भूमिपुत्र आदिवासी भनी परिचित छन्। थारू आयोग ऐन, २०७४ को दफा २ (घ) ले थारू समुदाय भन्नाले थारू आयोगको सिफारिशमा नेपाल सरकारले परिभाषित गरेको आदिवासी थारू सम्झनु पर्दछ भनी उल्लेख गरिएको छ। यस समुदायलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूची -२ मा पनि सूचीकृत गरिएको छ।

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कूल जनसंख्या २,९१,६४,५७८ रहेको छ। यसमा थारू समुदायको जनसंख्या १८,०७,१२४ र रानाथारूको जनसंख्या ८३,३०८ गरी जम्मा १८,९०,४३२ रहेको छ। यो कूल जनसंख्याको ६.४९ प्रतिशत हुन आउछ। नेपालको राष्ट्रिय जनगणना, २०६८ मा थारू समुदायको जनसंख्या १७ लाख ३७ हजार ४७० थियो जुन तत्कालीन सम्पूर्ण जनसंख्याको ६.५६ प्रतिशत हो। त्यसैगरी राष्ट्रिय जनगणना, २०७८ का अनुसार थारू मातृभाषा बोल्नेको संख्या १७,१४,०९१ (५.८८%) जना र राना थारू मातृभाषा बोल्नेको संख्या ७७,७६६ (०.२७%) जना रहेका छन्। यो समुदायको जनसंख्या तराईमा सवैभन्दा धेरै रहेको छ। विशेष गरी तराईमा बसोवास गर्दै आएको यो समुदाय पछिल्लो समयमा सबै जिल्लामा बसोवास गर्दै आएको देखिन्छ।

औलो (मलेरिया) रोग लगायतका विभिन्न महामारी र हिंस्रक जंगली जनावरहरूसँग सामना गर्दै तराईलाई खेतीपाती र मानव बसोबास योग्य बनाउन थारू समुदायको मुख्य भूमिका रहेको छ। थारू समूदायले अंग्रेजसँगको युद्धमा स्वदेशी सेनालाई खाद्यान्न सहयोग गर्ने र सरकारलाई पोत बुझाइ राज्य संचालनमा महत्वपूर्ण योगदान दिएका थिए। अहिले पनि कृषि उत्पादनमा थारू समुदायको महत्वपूर्ण भूमिका रहेको छ। तराईको सिमानामा बस्ने यो समुदायले विगतदेखि नै सीमा सुरक्षामा महत्वपूर्ण योगदान गर्दै आएका छन्। यो समुदाय विगतदेखि नै प्रकृतिसँग नजिक रहेकोले तराई क्षेत्रको चारकोशे झाडी लगायत वन तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउदै आएका छन्। हात्ती संरक्षण र परिचालनमा महत्वपूर्ण भूमिका खेलेको कुरा अहिले पनि अधिकांश माहुतेहरू थारू समुदायका व्यक्ति रहँदै आएकोबाट स्पष्ट हुन्छ। विभिन्न अध्येता, इतिहासविद्हरूबाट “द लाइट अफ एशिया”का रूपमा परिचित गौतमबुद्धलाई थारूको सन्तान भनी उल्लेख गरिएको पाइन्छ। यसले गर्दा विश्व समुदायसँग यस समुदायको सांस्कृतिक अन्तरसम्बन्ध रहन गएको छ। अहिंसा, शान्ति र आपसी सद्भावमा विश्वास गर्ने यो समुदायको राष्ट्रिय एकतामा महत्वपूर्ण भूमिका रहेको छ। थारू समुदायको यिनै भूमिकाबाट समग्र पर्यटन क्षेत्रको प्रवर्द्धन तथा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान रहँदै आएको छ।

यस समुदायको आफ्नै भाषा, संस्कृति, भेषभूषा, सभ्यता, संस्कार र परम्परा रहेको छ। भूगोल अनुसार भिन्न भिन्न क्षेत्रका थारू समुदायका भाषा, संस्कार, संस्कृति, रितीरिवाज, चालचलनमा केही विविधता पनि छ। समुदायभित्र आफ्नै प्रथाजनित परम्परागत कानूनी व्यवस्था रहेको छ। यस समुदायभित्र विभिन्न थर उपथर रहेका छन्। यो समुदायमा घोंघी, ढिक्री (बगिया), मार, सुखौत, चिचर (अन्डिक भात), तिलौरी, अदौरी र मच्छी जस्ता खानाको परिकारहरू प्रख्यात छन्। यिनीहरूले माघ, डश्या, डेवारी, होरी, अष्टिम्की, अट्वारी, जितिया, शिरूवा, चौठीचान, सामा चकेवा जस्ता विविध पर्वहरू मनाउँछन्।

प्राचीन समयदेखि नै नेपालमा बसोबास गर्दै आएका थारू समुदायको मुख्य पेशा कृषि हो। यो समुदायका मानिसहरू पछिल्लो समयमा अन्य पेशामा पनि आवद्ध हुँदै आएका छन्। यो समुदायका मानिसको ग्रामीण तथा शहरी ग्रामीण क्षेत्रमा बढि संख्यामा बसोबास देखिन्छ। जसले गर्दा उद्योग र व्यापार व्यवसायमा संलग्नता पनि कमै रहेको छ। यसरी औद्योगिक क्षेत्रमा न्यून सहभागिता र अपवाद बाहेक मुख्यतः परम्परागत निर्वाहमुखी कृषि पेशामा संलग्न रहेको देखिँदा यस समुदायमा गरिबीको संख्याको एकिन तथ्यांक नभएपनि अधिक रहेको आँकलन गर्न सकिन्छ।

नेपालमा समावेशीकरणको नीति अबलम्बन गरेसँगै यस समुदायको राजनीति र प्रशासनको क्षेत्रमा संख्यात्मक रूपमा वृद्धि हुँदै गएको भए पनि सहभागिता ज्यादै न्यून रहेको छ। राजनीतिक प्रतिनिधित्वमा समानुपातिक निर्वाचन प्रणाली मार्फत थारू समुदायको प्रतिनिधित्व बढेको भए पनि प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व गर्नेको संख्या निकै कम छ। यसबाट प्रतिस्पर्धात्मक क्षमता र अवसरको कमी रहेको बुझ्न सकिन्छ।

सरकारी सेवामा विशिष्ट श्रेणीमा पदधारण गरेकाको संख्या शुन्य प्रायः छ। यसले गर्दा प्रशासनिक तथा नीतिगत निर्णय प्रक्रियामा यस समुदायको सहभागिता कमजोर रहेको भन्न सकिन्छ। सरकारी सेवाका लागि योग्यता पुगेका युवाहरूमा उक्त सेवाप्रतिको आकर्षण बढ्न सकेको छैन। उच्च शिक्षा हासिल गरेका मानिसहरू औंलामा गन्ति गर्न सकिने संख्यामा रहेको देखिन्छ। यसले गर्दा थारू समुदायलाई राज्यको मूलधारमा ल्याउन कठिन छ। सरकारी क्षेत्र बाहेकका क्षेत्रमा पनि उनीहरूको उपस्थिति कमजोर देखिन्छ। यसरी यस समुदायमा सरकारी तथा गैरसरकारी क्षेत्र, उद्योग र व्यापार क्षेत्रमा कम सहभागिता हुनु र परम्परागत निर्वाहमुखी कृषिमा अधिक संख्यामा संलग्न हुनुबाट बेरोजगारीको समस्या पनि भयावह छ भन्न सकिन्छ। कृषि बाहेक अन्य पेशालाई अबलम्बन गर्न नसक्दा यस समुदायको बसोबास भएको क्षेत्रमा सहरीकरण एवं औद्योगीकरणको विस्तार हुँदा सो क्षेत्रबाट बिस्थापित भई ग्रामीण क्षेत्रमा पलायन हुने प्रबृति देखिएको छ।

नेपाल सरकारले वि.सं. २०५७ सालमै कमैया मुक्तिको घोषणा गरेको भए पनि पुनःस्थापनाको कार्यले पूर्णता पाउन सकेको छैन। कतिपय कमैयाले परिचयपत्र प्राप्त गर्न नसकेको, कतिपयले जग्गा प्राप्त गर्न नसकेको, कतिपयले प्राप्त भएको जग्गा उपभोग गर्न सकेका छैनन्। घर घडेरी र रोजगारीको व्यवस्थामा पनि ध्यान पुग्न नसकेको तथा प्राप्त जमिन पनि कानूनी अड्चनका कारण धितो राख्न नपाउँदा थप आर्थिक अवसर प्राप्त गर्न बाट वंचित भएको गुनासो आउने गरेको छ।

मुक्त कमैया पुनःस्थापनाको बाँकी कार्य आ.व. २०७५/७६ मा स्थानीय तहलाई दिइएको भए पनि कार्यविधिगत अस्पष्टता, कमजोर इच्छाशक्ति, निकायगत समन्वय र सहकार्यको अभाव लगायतका कारणले पुनःस्थापनाको कार्यले पूर्णता नपाउँदा समस्या बढ्दै गएको देखिन्छ।

नेपाल सरकारले कम्लहरी मुक्तिको घोषणा वि.सं २०७० असार १३ गते गरेको थियो। कम्लहरीहरूलाई मूक्तिको घोषणा गर्दा परिचयपत्र वितरण, छात्रवृत्ति तथा पुर्नस्थापना जस्ता सुविधाहरू उपलब्ध गराउने प्रतिवद्धता राज्यबाट गरिएकोमा सो बमोजिम भएको छैन। नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट मुक्त कमैया कम्लहरी, मुक्त हलिया, हत्वा चरुवा सम्बन्धी वस्तुस्थिति अध्ययन समितिले मिति २०७९ साउन २ गते कमैया कम्लहरी पुनर्स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेकोमा उक्त प्रतिवेदनबाट प्राप्त सुझावहरूको नेपाल सरकारबाट प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने देखिन्छ।

पछिल्लो समयमा सिकल सेल एनिमिया र थालासेमिया रोग नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कन्चनपुरका थारू समुदायमा स्वास्थ्य समस्याको रूपमा देखिएको छ। यस रोगको कारण यस समुदायका मानिसहरूको शारिरीक, मानसिक, आर्थिक, सामाजिक अवस्था बिग्रनुका साथै मृत्यु हुने सम्भावना बढेर गएको छ। यो रोग नसर्ने रोग अन्तर्गत पर्ने र वंशाणुगत रूपमा रोगी बाबु आमाबाट सन्तानमा सर्ने भएकोले यसले अझै भयावह अवस्था ल्याउने आँकलन गर्न सकिन्छ। थारू समुदायको यिनै परिस्थितिका बिच राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदान खासगरी २०६२/६३ को दोस्रो जनआन्दोलन, पटक पटक भएको

थरूहट/थारूवान संयुक्त आन्दोलन र थारू समुदायको मागलाई मध्यनजर गर्दै नेपालको संविधानको भाग २७ को धारा २६३ मा थारू आयोगको व्यवस्था भएको छ। यसै गरी थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्धन तथा थारू समुदायको सशक्तीकरण गर्नको लागि थारू आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन, २०७४ जारी भएको छ।

थारू समुदायको अधिकार, हक हितको संरक्षण र सम्बर्धन गर्न गराउन नेपाल सरकारलाई आवश्यक नीति, कार्यक्रम आदिको सिफारिश गर्ने, थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वियन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने वा सुझाव दिने र थारू समुदायको हक हितको संरक्षण, सम्बर्धन र सशक्तीकरणका लागि नेपाल सरकारलाई सिफारिश गर्ने र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने लगायतका काम, कर्तव्य र अधिकार यस आयोगलाई तोकिएको छ।

सङ्घीय स्तरमा २०७५ कार्तिक २५ गते आयोग स्थापना भई कार्यसञ्चालन भइरहेको छ। ऐनको प्रावधान बमोजिम आयोगको कार्यालय आवश्यकतानुसार प्रदेशस्तरमा समेत स्थापना गर्न सकिने व्यवस्था रहेको छ। आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालयको रूपमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय रहेको छ। यस आयोगमा निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रूपमा काम गर्ने व्यवस्था रहेको छ। यसरी थारू समुदायको उत्थान र सशक्तीकरणका लागि संवैधानिक निकायको रूपमा थारू आयोगको गठन हुनु र आयोगले संवैधानिक प्रावधान बमोजिम पूर्णता प्राप्त गर्नुलाई थारू समुदाय लगायत सबैले सुखद पक्षको रूपमा लिनु पर्दछ।

नेपालको संविधानले आर्थिक समानता र सामाजिक न्याय कायम गर्न समानुपातिक समावेशिता र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको, समानताको हक, भाषा तथा संस्कृतिको हक, सामाजिक न्याय र सामाजिक सुरक्षा लगायतका ३१ वटा मौलिक हकहरूको व्यवस्था गरेको छ। यसै गरी जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ। सोही अनुसार नीति, योजना, कानून, कार्यविधि निर्माण हुँदै गएको तथा जनताको नजिकमा रही स्थानीय तह र प्रदेश सरकार कार्यरत रहेको छ। यसले गर्दा थारू समुदायको उत्थान र सशक्तीकरणमा थप टेवा पुग्ने आशा गर्न सकिन्छ। यस आयोगले पनि सोही अनुसार भूमिका खेल्नु पर्ने आवश्यक रहेको देखिन्छ।

## १.२ सांगठनिक संरचना

थारू आयोग ऐन, २०७४ को दफा १८ मा आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७/०८/३० मा स्वीकृत संगठन संरचना अनुसार आयोगमा जम्मा १३ जनाको स्थायी दरबन्दी रहेको छ। आयोगको वर्तमान स्वीकृत संगठन संरचना देहाय बमोजिम रहेको छ।




पुनश्च : १. अध्यक्ष, सदस्यहरु र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरु प्रशासन शाखाबाट खटाउन सकिने छ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।

४. आयोगका सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन) दुई (२) जना सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।

५. कम्प्यूटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।

सूर्यप्रसाद गौतम
सचिव

1

## १.३ जनशक्ति र पदपूर्तिको अवस्था

आयोगको सचिवको रुपमा नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी रहने व्यवस्था छ। आयोगमा नेपाल सरकारबाट स्वीकृत दरवन्दी र पदपूर्तिको अवस्थालाइ देहाय बमोजिम तालिका नं. १ र तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

अनुसूची २.४

### थारु आयोगको दरवन्दी तेरिज

| क.स. | पद | श्रेणी | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | प्रशासन | १ | ० | ० | १ |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | ० | १ | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | ० | ० | २ |
| ४ | नायव सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ८ | ० | ६ | २ |
| ५ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | ० | १ | ० | १ |
| ६ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ |
| ७ | ह.स.चा. | श्रेणीविहिन | | | ८ | ० | ६ | २ |
| ८ | का.स. | श्रेणीविहिन | | | ८ | ० | ५ | ३ |
| | | | | जम्मा | ३० | १ | १८ | १३ |

पुनश्च : १. अध्यक्ष, सदस्यहरु र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरु प्रशासन शाखाबाट खटाउन सकिने छ ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

४. आयोगका सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन) दुई (२) जना सदस्यलाई १(एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

५. कम्प्यूटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

सूर्यप्रसाद गौतम
सचिव

## तालिका नं. १

## स्वीकृत स्थायी दरवन्दी र पदपूर्ति

| सि.नं. | पद/श्रेणीको विवरण | सेवा/समुह | स्वीकृत दरबन्दी | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव/राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) | प्रशासन | १ | १ | |
| २. | उपसचिव/राजपत्रांकित द्वितीय श्रेणी | प्रशासन/सा.प्र. | १ | १ | |
| ३. | शाखा अधिकृत/राजपत्रांकित तृतिय श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ४. | नायब सुब्बा/रा.प. अनं. प्रथम श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ५. | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | प्रशासन/लेखा | १ | १ | |
| ६. | कम्प्युटर अपरेटर/रा.प. अनं. प्रथम श्रेणी | विविध | १ | १ | |
| ७. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | २ | करार सेवा |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | ३ | ३ | करार सेवा |
| | **जम्मा** | | **१३** | | |

## तालिका नं. २

## स्वीकृत अस्थायी दरवन्दी र पदपूर्ति

| सि.नं. | पद/श्रेणीको विवरण | स्वीकृत दरवन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी | ५ | ३ | करार सेवा |
| २ | हलुका सवारी चालक (श्रेणी विहिन) | ५ | ३ | करार सेवा |
| ३ | कार्यालय सहयोगी (श्रेणी विहिन) | ३ | २ | करार सेवा |
| | **जम्मा** | **१३** | **८** | |

## १.४ प्रतिवेदनको उद्देश्य:

नेपालको संवधिानको धारा २९४ तथा थारू आयोग ऐन, २०७४ को दफा २२ बमोजिम संवैधानिक आयोगहरूले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने रहेको छ। थारू आयोग ऐन, २०७४ को दफा २२ (१) मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। सोही ऐनको दफा २२ (२) बमोजिम प्रतिवेदनमा आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयनको विवरण तथा लागत खर्च, आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सिफारिश तथा सुझावको विवरण, उक्त सिफारिश तथा सुझावको कार्यान्वयनको अवस्था, आयोगको आर्थिक तथा भौतिक स्रोत साधन तथा आयोगबाट सम्पादित अन्य कामकारवाहीको विवरण समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।

सोही व्यवस्था बमोजिम यस आयोगले आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट सम्पादित कार्य र प्राप्त उपलब्धिहरू समावेश गरी यो प्रतिवेदन तयार गरेको छ।

## १.५ तयारी विधि:

नेपालको संविधानबाट थारू आयोगलाई प्रदान गरेको जिम्मेवारी र भूमिका, नेपाल सरकारको नीति तथा कार्यक्रमबाट आयोगलाई प्राप्त जिम्मेवारी र भूमिका, सोह्रौं पञ्चवर्षीय योजनाबाट आयोगलाई प्राप्त जिम्मेवारी, आयोगको विभिन्न मितिमा बसेका बैठकबाट भएका निर्णय र तिनको कार्यान्वयन, आयोगबाट नेपाल सरकारलाई पेश गरेका सिफारिस तथा सुझावहरू, आयोगबाट गत आ.व.मा सम्पन्न कार्यक्रम मार्फत प्राप्त सुझावहरू समेतलाई ख्याल गरी यो वार्षिक प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ।

## १.६ प्रतिवेदनको संरचना:

वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा प्रतिवेदनलाई १५ परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद -१ मा परिचय, परिच्छेद- २ मा आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू, परिच्छेद -३ मा आयोगको काम, कर्तव्य र अधिकार, परिच्छेद- ४ मा आयोगले दिएका सिफारिस तथा सुझावहरु, परिच्छेद- ५ मा आयोगको बैठकका निर्णयहरू र कार्यान्वयनको अवस्था, परिच्छेद- ६ मा संघ, प्रदेश र स्थानीय तहहरूलाई सुझावहरू, परिच्छेद- ७ मा आ.ब. २०८२/८३ मा भएका अध्ययन कार्यक्रम, सिफारिस र सुझावहरू, परिच्छेद - ८ मा हालसम्म गरेका सिफारिस तथा सुझावहरू र कार्यान्वयको अवस्था, परिच्छेद - ९ मा आ.ब. २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरू, परिच्छेद - १० मा आ.ब. २०८२/८३ मा सम्पन्न कार्यक्रमहरूको प्रगति विवरण, परिच्छेद - ११ मा आयोगका पदाधिकारीहरूबाट भएको अनुगमन तथा निरीक्षण सम्बन्धी विवरण, परिच्छेद - १२ मा आयोगको वार्षिक प्रगति विवरण, परिच्छेद - १३ मा थारू आयोगबाट हालसम्म भएका अध्ययन कार्यक्रमको विवरण, परिच्छेद १४ मा सुशासन प्रबर्द्धन सम्बन्धी व्यवस्था र परिच्छेद १५ मा आयोगका समस्या, चुनौती र सिफारिस एवं सुझावहरू साथै आवश्यक अनुसूचीहरू समेत राखिएका छन्।

# परिच्छेद - दुई

# आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू

## २.१ दूरदृष्टि

थारू समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्दै सबै जात जाती, भाषा भाषी र धर्म-संस्कृतिका बीच सह-कार्य, सह-अस्तित्व र सहिष्णुता कायम गरी समतामुलक समृद्ध नेपाल बनाउने ।

## २.२ ध्येय

थारू आयोग संवैधानिक तथा कानूनी कार्यादेश अनुरुप मौलिक हक र विश्वव्यापी मानव अधिकारका सिद्धान्त, मूल्य र मान्यतालाई अंगीकार गर्दै थारू समुदायको समग्र अवस्थालाई नीतिगत, कानुनी तथा संस्थागत रुपमा सुधार गर्नुका साथै इतिहास, पहिचान र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले स्थापना भएको एक स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सक्रिय र सहयोगी निकायको रुपमा रहनेछ ।

## २.३ लक्ष्य

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सामाजिक सद्भाव कायम गर्दै समतामूलक समाजको स्थापना गर्ने र आर्थिक, सामाजिक, साँस्कृतिक समुन्नति हासिल गरी थारू समुदायको हक अधिकार संरक्षण गर्ने तथा निर्वाध उपभोग गर्न सक्ने स्थिति निर्माण गर्ने ।

## २.४ उद्देश्य

क) आयोगको क्षमता विकास, प्रभावकारिता वृद्धि र संस्थागत सुदृढीकरण गर्ने,

ख) थारू समुदायसँग सम्बद्ध मौजुदा नीति, कानूनी र संस्थागत व्यवस्थामा सुधार तथा आवश्यकतानुसार नयाँ व्यवस्था गर्नुका साथै कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई थारू समुदायको हक हितको संरक्षण, सम्बर्द्धन गर्दै सशक्तीकरण गर्ने,

ग) थारू समुदायको भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कला, ज्ञान, सीप, प्रविधि, पुरातात्विक वस्तु तथा स्थलहरू संरक्षण, विकास र व्यवसायीकरण गर्ने,

घ) प्रभावकारी, वस्तुनिष्ठ र निरन्तर अनुगमन गरी थारू समुदायको हक हित सुनिश्चित गर्ने,

ङ) कार्यगत सञ्जाल, साझेदारी र सहयोग विस्तार गर्ने ।

## २.५ मूल्य मान्यता

थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि संवैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम, कर्तव्य र अधिकार निर्वाह गर्ने क्रममा निम्न बमोजिमका मूल्य मान्यतालाई पूर्ण पालना गर्नेछ :

### २.५.१. समानता र न्याय

आयोगले आफ्ना कार्य सम्पादन गर्दा नेपाल भित्र बसोवास गर्ने थारू समुदायका साथै अन्य सवै समुदायलाई उनीहरूको अवस्था र आवश्यकता समेतका आधारमा न्याय र समानताको व्यवहार गर्नेछ । नेपालमा भएका विभिन्न जातजाती, भाषा भाषी तथा धर्म, संस्कृति मान्नेहरू का साथै सामाजिक, आर्थिक तथा शैक्षिक रुपमा फरक/कमजोर अवस्था भएकाहरूलाई समताका आधारमा सक्षमता र समानता हासिल गराउने आयोगको मान्यता रहने छ।

### २.५.२. जवाफदेहिता

आयोगले आफूले सम्पादन गरेका कार्यको सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने, पत्रकार भेटघाट गरी जानकारी गराउने, मुख्य मुख्य कार्यहरूको विवरण आफ्नो वेबसाइटमा सार्वजनिक गर्ने गरी आफूले सम्पादन गर्ने काम कारवाहीमा पूर्ण जवाफदेहीता लिने छ। आफूले तयार गरे गराएका अध्ययन प्रतिवेदन वेबसाइटमा राख्ने तथा सरोकारवालालाई वितरण गर्ने नीति लिइनेछ। संवैधानिक व्यवस्था अनुसार आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आफ्नो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नेछ।

### २.५.३. पहुँचको सुनिश्चितता

आयोगको कार्य, क्रियाकलाप र पदाधिकारी तथा कर्मचारीहरू सरोकारवालाहरूको सहज पहुँचमा रही आवश्यक जानकारी, सूचना तथा अभिलेख संकलन तथा सूचना प्रदान गर्न सक्ने व्यवस्था आयोगले मिलाउनेछ। कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना, जानकारी र अभिलेख बाहेकमा सर्वसाधारण तथा सरोकारवालाले सहज पहुँच प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्न आयोगले प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ। आयोगका सूचना, जानकारी तथा आवश्यक पर्ने दस्तावेजहरू वेबसाइटमा सार्वजनिकीकरण गर्ने गरिएको छ। आयोगले सरोकारवालाको गुनासो तथा सुझाव संकलन गर्न शुल्क नलाग्ने टेलिफोनको साथै नागरिक वडापत्र, इमेल, सुझाव पेटिका,फेसबुक, ट्वीटरको पनि व्यवस्था गरिएको छ। सर्वसाधारणलाई आयोगका पदाधिकारीसँग भेटघाट गर्न तथा सरोकार राख्नका लागि निश्चित समय तोकिएको छ। सो समयमा सरोकारवालाले भेटघाट गरी सूचना माग्न तथा दिन सक्नेछन्।

### २.५.४. निष्पक्षता

आयोगले आफ्नो कार्यसम्पादन निष्पक्ष भई गर्नेछ। थारू समुदायको हक, हित, अधिकार तथा पहिचानमा कहि कतै कुनै व्यक्ति वा संस्थाबाट हनन या उलंघन भएमा संविधान तथा कानुनको परिधि भित्र रहि निष्पक्ष रुपले छानविन गरी सम्वन्धित निकायमा सिफारिश गर्नेछ। आयोगले लिङ्ग, धर्म, वर्ण, जातजाती, भाषा भाषी, आस्था, विचार, आर्थिक सामाजिक अवस्था, भौगोलिक क्षेत्र आदि कुनै पनि कुराका आधारमा कोही कसैप्रति पनि कुनै प्रकारको आग्रह वा पूर्वाग्रह राख्ने वा पक्षपातपूर्ण व्यवहार गर्ने छैन। नेपाल सरकारलाई गर्ने सिफारिश, दिने सुझाव,गर्ने समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने गराउने विषय, कार्यक्रम सञ्चालन गर्ने विषय, सहयोग गर्ने विषय, आचारसंहिता बनाई लागु गर्ने र योजना र कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी कार्य गर्दा निष्पक्षतालाई आफ्नो मूल्य र मान्यताको रुपमा अंगीकार गर्नेछ।

### २.५.५. स्वतन्त्रता र स्वायत्तता

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार आयोगले पूर्ण रुपमा स्वतन्त्र भई आफ्नो काम कारबाही गर्नेछ। आफ्नो काम, कर्तव्य र अधिकारका सम्बन्धमा कुनै दबाब, प्रलोभन वा पूर्वाग्रह नराखी आयोगले कार्य गर्नेछ। संवैधानिक दायित्व पूरा गर्दा आयोग स्वतन्त्रता र स्वायत्तताको मूल मर्म अनुरुप कार्य गर्न प्रतिबद्ध रहनेछ।

### २.५.६. पारदर्शिता

सूचनाको हक सम्बन्धी ऐन कानून तथा प्रचलित अन्य कानूनको अधीनमा रही आयोगले आफ्ना क्रियाकलाप, निर्णय, योजना आदिका बारेमा वेबसाइट, पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, आदिका माध्यमले प्रकाशन, प्रसारण गर्नेछ।

### २.५.७. सहभागिता र समावेशीकरण

आयोगले कुनै पनि चेतनामूलक कार्यक्रम सञ्चालन गर्दा या नेपाल सरकार तथा अन्य निकायलाई नीति कार्यक्रम तथा आवश्यक व्यवस्था सिफारिश गर्दा सरोकारवाला निकाय, थारू समुदाय, बुद्धिजिवी लगायतसँग आवश्यकतानुसार अन्तरक्रिया/छलफल गर्नेछ। छलफल तथा सशक्तीकरण सम्बन्धी कार्यक्रमलाई यथाशक्य समावेशी र प्रतिनिधिमूलक बनाइनेछ।

### २.५.८. विविधताको सम्मान

थारू समुदायभित्र र समुदाय बाहिरको विविधतालाई अवसरका रुपमा लिई तिनको यथोचित सम्मान गरिनेछ। यस्तो विविधताको व्यवस्थापन गर्दै थारू समुदायको हक हित र अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिइनेछ।

# परिच्छेद – तीन

## आयोगको काम, कर्तव्य र अधिकार

थारू आयोग ऐन, २०७४ को परिच्छेद -३ को दफा ७ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

क) थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिश गर्ने,

ख) थारू समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने,

ग) थारू समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

घ) थारू समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानून, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

ङ) थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

च) आयोगले गरेका सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

छ) थारू समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,

ज) थारू समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिश गर्ने,

झ) थारू समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ञ) थारू समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारू समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिश गर्ने,

ट) थारू समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रबर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,

ठ) थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने वा सुझाव दिने,

ड) थारू समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने,

ढ) थारू समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,

ण) थारू समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि जीवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,

त) थारू समुदायको उदगम् स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,

थ) थारू समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

द) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने,

ध) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

# परिच्छेद - चार

## आयोगले दिएका सिफारिश तथा सुझावहरू

१. संविधान संशोधनको लागि सुझाव पेश गर्न गठित कार्यदलले पेश गरेको सुझावहरूलाई मिति २०८३/०२/०६ मा निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिएको ढाँचामा पठाइएको ।

२. बागमती प्रदेश र गण्डकी प्रदेशमा बसोवास गर्ने थारू समुदायले मिति २०८२/०५/१५ गते आइतबारका दिन मनाउने "बड्की अटवार" पर्वको उपलक्ष्यमा सार्वजनिक विदाको लागि बागमती प्रदेश र गण्डकी प्रदेश सरकारलाई सिफारिश गरी पठाइएको ।

३. समानुपातिक निर्वाचनका समावेशी आधार सम्बन्धमा रहेका व्यवस्था तथा राष्ट्रिय जनगणना सम्बन्धी अध्ययन प्रतिवेदनको सुझाव खण्डको बुँदा नं. (ङ - रानाथारूका सम्बन्धमा) भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई राय लेखी पठाएको ।

# परिच्छेद - पाँच

# आयोगको बैठकका निर्णयहरू र कार्यान्वयनको अवस्था

## ५.१. बैठकका निर्णय र कार्यान्वयनको अवस्था

यस आयोगमा आ.व. २०८२/८३ मा विभिन्न मितिमा भएका बैठकका निर्णयहरू र कार्यान्वयनको अवस्था देहाय बमोजिम विश्लेषण गरिएको छ।

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | १०३ | २०८२/०५/०४ | आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम त्यसको TOR सम्बन्धमा। | कार्यक्रम संचालन गरिएको |
| २ | १०४ | २०८२/०५/१२ | सार्वजनिक विदा सिफारिश सम्बन्धमा। | बागमती र गण्डकी प्रदेशलाई सिफारिश गरी लेखी पठाएको। |
| ३ | १०५ | २०८२/०६/०५ | सातौं बार्षिक प्रतिवेदन छपाइ गर्ने र सम्माननीय राष्ट्रपतिज्यू र सातै प्रदेश प्रमुख समक्ष पेश गर्ने सम्बन्धमा। | पेश गरिएको। |
| ४ | १०६ | २०८२/०७/१६ | आयोग स्थापना दिवस मनाउने सम्बन्धमा। | स्थापना दिवस मनाएको। |
| ५ | १०७ | २०८२/०७/१७ | सम्मान तथा पुरस्कार सम्बन्धमा। | |
| ६ | १०८ | २०८२/०८/१४ | आ.व. २०८२/८३ को वार्षिक कार्यक्रमको TOR स्वीकृत गर्ने सम्बन्धमा। | स्वीकृत गरिएको। |
| ७ | १०९ | २०८२/०९/०१ | गृह मन्त्रालयबाट प्राप्त समानुपातिक निर्वाचनको प्रतिवेदनको बुँदा नं. (ङ) को राय पठाउने सम्बन्धमा। | राय लेखी पठाएको। |
| ८ | ११० | २०८२/१२/०३ | - आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।<br>- प्रतिवेदन प्रकाशन सम्बन्धमा।<br>- UNPFII मनोनयन सम्बन्धमा। | - नीति तथा कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको।<br>- प्रतिवेदन प्रकाशन गरिएको।<br>- UNPFII का लागि माननीय शान्ती मोदी र सचिव श्री रुद्र प्रसाद लामिछाने लाई मनोनयन गरिएको। |
| ९ | १११ | २०८२/१२/१२ | आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा। | अर्थ मन्त्रालयमा पठाइएको। |

| | | | | |
|---|---|---|---|---|
| १० | ११२ | २०८२/१२/१७ | - २०८३ सालको भित्ते पात्रोको प्रकाशन गर्ने सम्बन्धमा।<br>- प्रतिवेदन छपाई सम्बन्धमा। | भित्तेपात्रो प्रकाशन गरिएको। |
| ११ | ११३ | २०८३/०२/०२ | संविधान संशोधन सुझाव कार्यदल गठन सम्बन्धमा। | कार्यदल गठन गरिएको। |
| १२ | ११४ | २०८३/०२/०६ | संविधान संशोधनका सुझाव सम्बन्धमा। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सुझाव पठाइएको। |
| १३ | ११६ | २०८३/०३/१० | - आ.व.२०८१/८२ को कार्यक्रमको अन्तिम अध्ययन प्रतिवेदन सम्बन्धमा।<br>- प्रतिवेदनहरूको छपाई सम्बन्धमा। | छपाई भइसकेको। |
| १४ | ११७ | २०८३/०३/१६ | - महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम सम्बन्धमा। | कार्यक्रम सम्पन्न भएको। |

## ५.२ आ.व. २०८२/८३ का स्वीकृत वार्षिक कार्यक्रमहरु

१. थारू चाडपर्व तथा रीतिरिवाज सम्बन्धी अध्ययन कार्यक्रम - १ वटा

२. थारू समुदायको पहिरन (भेषभूषा र गरगहना) सम्बन्धी अध्ययन कार्यक्रम - १ वटा

३. थारू समुदायको आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर (आधारभुत तहको पाठ्यक्रममा थारू समुदाय सम्बद्ध पाठ्यवस्तु पहिचान तथा सिफारिश एवं मातृभाषामा आधारित शिक्षा) सम्बन्धी कार्यक्रम - १ वटा

४. सचेतनामूलक कार्यक्रम (बालविवाह, बालश्रम तथा लागु औषध दुर्व्यसनी) - ३ वटा

५. विभिन्न अध्ययन प्रतिवेदन प्रकाशन - ६ वटा

६. सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफल कार्यक्रम - ४ वटा

७. वार्षिक कार्यक्रम समिक्षा गोष्ठी - १ वटा

८. थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा समिक्षा कार्यक्रम - ६ वटा

९. महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम - १ वटा

## ५.३. कर्मचारी बैठक

आयोगमा प्रत्येक महिनाको पहिलो सोमबार नियमित रुपमा कर्मचारी बैठक बसी आयोगका कर्मचारीहरुको गुनासो, राय, प्रतिक्रिया लिने र आयोगका कार्यक्रमहरुका विषयमा छलफल तथा सुझाव समेत लिने कार्य हुने गरेको छ।

# परिच्छेद – छ

# संघ, प्रदेश र स्थानीय तहहरूलाई सुझावहरू

## ६.१. संघीय सरकारलाई सुझावहरू

### १. थारू समुदायको संवैधानिक अधिकारको कार्यान्वयन सम्बन्धमा

संविधानले सुनिश्चित गरेका समानता, सामाजिक न्याय, समावेशिता, भाषा, संस्कृति र पहिचानसम्बन्धी अधिकारलाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।

### २. थारू समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने

संघीय निजामती सेवा, सुरक्षा निकाय, संवैधानिक निकाय, सार्वजनिक संस्थान तथा राज्यका अन्य संरचनामा थारू समुदायको अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।

### ३. आयोगका सिफारिस कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था गर्ने

थारू आयोगले सरकारलाई दिएका सुझाव तथा सिफारिसको कार्यान्वयन अवस्थाबारे सम्बन्धित निकायबाट नियमित प्रतिवेदन लिने र कार्यान्वयनको अनुगमन गर्नुपर्ने ।

### ४. थारू संस्कृति र परम्पराको संरक्षण गर्ने

थारू समुदायका मौलिक संस्कार, चाडपर्व, लोककला, लोकगीत, नृत्य, लोककथा, भेषभूषा, खानपान तथा परम्परागत ज्ञानको संरक्षण र प्रबर्द्धन गर्न राष्ट्रिय कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

### ५. थारू आयोगलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराउने

थारू आयोगले प्रभावकारी रूपमा आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न आवश्यक जनशक्ति, बजेट, प्राविधिक क्षमता र अनुसन्धानको अधिकार उपलब्ध गराउनुपर्ने ।

### ६. थारू सांस्कृतिक संग्रहालय तथा अनुसन्धान केन्द्र स्थापना गर्ने

संघीय सरकारले थारूको इतिहास, संस्कृति, भाषा र सभ्यताको अध्ययन, अभिलेखीकरण र अनुसन्धानका लागि राष्ट्रियस्तरको थारू संग्रहालय तथा अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने ।

### ७. थारू समुदायको आर्थिक विकासमा विशेष कार्यक्रम ल्याउने

गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता, सहुलियतपूर्ण ऋण तथा स्वरोजगारका लागि थारू समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

### ८. थारू समुदायको इतिहास अभिलेखीकरण गर्ने

थारू समुदायको मौखिक इतिहास, पुरातात्त्विक सम्पदा, सामाजिक संरचना, परम्परागत ज्ञान र ऐतिहासिक दस्तावेजलाई वैज्ञानिक रूपमा संकलन तथा डिजिटल अभिलेख तयार गर्नुपर्ने ।

### ९. परम्परागत सीप र पेशाको संरक्षण गर्ने

थारू समुदायका परम्परागत कृषि, हस्तकला, माटाका सामग्री, काठका सामग्री, सिलाइ बुनाइ, जडीबुटी, उपचार पद्धति, माछापालन तथा अन्य सीपलाई आधुनिक बजारसँग जोडेर आयआर्जनको माध्यम बनाउनुपर्ने ।

### १०. थारू युवाका लागि रोजगारी र सीप विकास कार्यक्रम सञ्चालन गर्ने

युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा, सूचना प्रविधि, उद्यमशीलता र रोजगारीमूलक तालिममा प्राथमिकता दिनुपर्ने ।

### ११. थारू महिलाको सशक्तीकरण गर्ने

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास तथा राजनीतिक सहभागितामा थारू महिलाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

### १२. भूमि तथा बसोबाससम्बन्धी समस्याको समाधान गर्ने

थारू समुदायसँग सम्बन्धित भूमिहीनता, अव्यवस्थित बसोबास तथा भूमि अधिकारका समस्यालाई न्यायोचित ढंगले समाधान गर्न संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गर्नुपर्ने ।

### १३. थारू भाषा, साहित्य र संस्कृतिको संरक्षण र विकास गर्ने

थारू भाषालाई शिक्षा, प्रशासन, सञ्चार तथा सार्वजनिक जीवनमा प्रयोग गर्न आवश्यक नीति, कानुन, पाठ्यक्रम, पाठ्यपुस्तक र संस्थागत व्यवस्था गर्नुपर्ने । भाषा आयोगले लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा थारू भाषा सरकारी कामकाजको भाषा सिफारिस गरेकोले तत्काल लागु गर्नुपर्ने । साथै थारू भाषाका पुस्तक, पत्रपत्रिका, अनुसन्धान, लोकसाहित्य, कविता, कथा तथा अन्य साहित्यिक सामग्री प्रकाशनका लागि सरकारी सहयोग र प्रोत्साहन उपलब्ध गराउनुपर्ने ।

### १४. थारू समुदायसम्बन्धी तथ्यांक अद्यावधिक गर्ने

जनगणना तथा सरकारी तथ्यांकमा थारू समुदायको भाषा, शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक अवस्था र सामाजिक अवस्थासम्बन्धी विस्तृत तथा विश्वसनीय तथ्यांक संकलन गर्नुपर्ने ।

### १५. परम्परागत ज्ञानलाई आधुनिक विकाससँग जोड्ने

थारू समुदायमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका कृषि, वन, जलस्रोत, औषधीय वनस्पति र वातावरण संरक्षणसम्बन्धी ज्ञानको संरक्षण गर्दै आधुनिक प्रविधिसँग जोड्नुपर्ने ।

### १६. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने

थारू समुदायको विकाससम्बन्धी कार्यक्रम दोहोरिन नदिई संघीय, प्रदेश र स्थानीय सरकारबीच स्पष्ट जिम्मेवारी र समन्वयको व्यवस्था गर्नुपर्ने ।

### १७. थारू समुदायको दीर्घकालीन विकास नीति बनाउने

थारू समुदायको सामाजिक, आर्थिक, शैक्षिक, भाषिक, सांस्कृतिक र राजनीतिक विकासलाई समेटेर संघीय सरकारले दीर्घकालीन थारू विकास नीति तथा कार्ययोजना निर्माण गर्नुपर्ने ।

## ६.२. प्रदेश सरकारहरूलाई सुझावहरू

### ६.२.१ कोशी प्रदेश

१. कमजोर आर्थिक अवस्था भएका तथा वेरोजगार थारू युवाहरूको लागि आवश्यकतामा आधारित विभिन्न व्यावसायिक तथा सीप विकास कार्यक्रम (बेमौसमी तरकारी खेती, परम्परागत पहिरन बनाउने,खाद्य परिकार सम्बन्धी आदी तालिम) सञ्चालन गर्ने। सीप विकास कार्यक्रमलाई उद्यमशीलता, उद्यमशीलता लाई उत्पादन र उत्पादनलाई वजारसंग आवद्ध गर्न आवश्यक विउपूंजीको व्यवस्था तथा वजार पहुंच सुनिश्चित हुने गरी आवश्यक कार्यक्रम सञ्चालन तथा प्रणाली विकास गर्नुपर्ने। साथै बैदेशिक रोजगारबाट फर्केका थारू युवा लक्षित सीपमूलक तालिम संचालन गर्नुपर्ने।

२. थारू समुदायबाट उत्पादित वस्तु तथा सेवालाई प्रदेश सरकार वा अन्तर्गत निकायहरूले उच्च प्राथमिकताका साथ उपयोग गर्न जोड दिने।

३. अधिकांश थारूहरू कृषि पेशामा आवद्व रहेकोले जलवायु अनुकुल कृषि प्रणाली मार्फत कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषक तालिम, अनुदानमा कृषि औजार तथा गुणस्तरीय वीउविजन वितरण गर्नुपर्ने। साथै कृषि उत्पादनलाई सहउत्पादन (By–Product) गरी आम्दानी वृद्वि गर्न प्रत्येक स्थानीय तहमा १/१ वटा घरेलु उद्योग स्थापना र सञ्चालन गर्ने।

४. विपन्न थारू बालबालिकाको विद्यालय शिक्षामा पहुँच तथा गुणस्तरका लागि विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने। थारू समुदायमा बिद्यार्थीहरूलाई विद्यालय शिक्षाको निरन्तरता गर्न तथा उद्यमशीलता प्रवर्द्धन गर्न "अध्ययन गर्दै कमाउदै कार्यक्रम" तथा "शिक्षासँगै सीप पनि" जस्ता कार्यक्रम संचालन गर्ने सन्दर्भमा स्थानीय तहहरूसंग सहकार्य गर्ने।

| ७ | मधेश प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक सम्बन्धमा थारू भाषालाई सरकारी कामकाजको भाषा बनाउनु पर्ने भनी सिफारिस पत्र लेखी पठाइएको । | मधेश प्रदेशले भाषाका सम्बन्धमा थारू आयोगसंग समेत परामर्श गरेको |
| ८ | नेपाल प्रहरी विधेयक, २०८१ र सशस्त्र प्रहरी बल विधेयक, २०८१ का सम्बन्धमा सुझाव तथा सिफारिस सहित संघीय संसद सचिवालयलाई पत्र लेखी पठाइएको । | दुवै विधेयकमा संसोधनका लागि थारू समुदायका जनप्रतिनिधीहरूबाट पहल भएको |

| सि.नं. | मुख्य सिफारिस | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ९ | थारू समुदायमा वित्तीय साक्षरताको अवस्था न्यून भएको सन्दर्भमा थारू समुदाय बाहुल्य रहेको क्षेत्रहरूमा नेपाल राष्ट्र बैंकवाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत थारू समुदाय लक्षित वित्तीय साक्षरता कार्यक्रम संचालनका लागि नेपाल राष्ट्र बैंकलाई पत्र लेखी पठाइएको । | प्रकृयामा रहेको |
| १० | थारू समुदायका विशेष खाद्य परिकारहरूको स्वच्छता,पोषक तत्व लगायत परीक्षणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई पत्राचार गरिएको | केहि खाद्य परिकारहरूको पोषक तत्व परिक्षण भएको |
| ११ | विद्यालय शिक्षामा थारू समुदायका बालवालिकाको पहुँच तथा गुणस्तरको अवस्था परीक्षणका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट संचालित Education Management Information System – EMIS मा थारू विद्यार्थीहरूको वर्गिकृत विवरण समावेश गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार,काठमाडौंलाई पत्राचार गरिएको | प्रकृयामा रहेको |
| १२ | थारू समुदायको स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तरको अवस्थाका सम्बन्धमा स्वास्थ्यमा थारू समुदायको समावेशिताको पहिचान गर्न स्वास्थ्य सेवा विभागबाट संचालित Health Management Information System –HMIS मा थारू समुदायको वर्गिकृत विवरण समावेशको लागि स्वास्थ्य तथा जनसंख्या मार्फत् स्वास्थ्य विभागलाई पत्राचार गरिएको । | प्रकृयामा रहेको |
| १३ | सातै प्रदेश र स्थानीय तहहरूले वार्षिक बजेट तर्जुमा गर्दा थारू समुदायको सशक्तिकरण सम्बन्धी कार्यक्रम समावेश गर्न अनुरोध गरिएको । | केही प्रदेश र स्थानीय तहहरूले समावेश गरेका |
| १४ | संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, कानून, कार्यविधि, योजना र कार्यक्रम तथा बजेटमा थारू समुदायलाई प्राथमिकतामा राखी तीनै तहबाट नै आन्तरिकीकरण गर्न र आवश्यकताको सम्बोधन गर्नु पर्ने सुझाव दिइएको । | आंशिक रुपमा मात्र कार्यान्वयन हुन सकेको |
| १५ | संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन, स्थानीय सेवा ऐन यथाशिघ्र जारी गर्न सम्बन्धित तहका सरकारलाई पटक पटक सुझाव दिइएको । | - संघीय निजामती सेवा ऐन हालसम्म जारी नहुँदा समग्रमा अप्ठ्यारो परेको ।<br>- प्रदेश निजामती सेवा ऐन जारी भएको तर प्रभावकारी कार्यान्वयन हुन नसकेको ।<br>- स्थानीय सेवा ऐन सवै प्रदेशमा जारी हुन नसकेको । |
| १६ | शिक्षा क्षेत्रमा छात्रबृति, नियुक्ति प्रक्रियामा पनि समावेशीकरणको नीति सवै स्थान र निकायमा लागू हुने गरी नीति र कानूनको स्पष्टता हुनु पर्ने सम्बन्धमा सिफारिस गरिएको | सिफारिस भए बमोजिम हुन नसकेको |

| सि.नं. | मुख्य सिफारिस | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| १७ | संघीय निजामती सेवा लगायत तीनै तहका सरकारका सरकारी सेवा सञ्चालन सम्बन्धी ऐनमा थारू समुदायको जनसंख्याका आधारमा छुट्टै समूहमा राखी समानुपातिक समावेशीताको सिद्धान्त अनुसार आरक्षणको प्रतिशत निर्धारण हुनुपर्ने सम्बन्धमा सिफारिस गरिएको | - संघीय निजामती सेवा ऐन हालसम्म जारी नभएको ।<br>- सुदुरपश्चिम प्रदेशमा थारू समुदायको जनसंख्या भन्दा कम प्रतिशत थारू कोटा निर्धारण गरिएको । |
| १८ | न्यायाधीश, राजदूत, विशेष प्रतिनिधि तथा संवैधानिक अंग र निकायहरूमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम नभएको तथा थारू समुदायबाट हालसम्म कोहि पनि राजदूत र विशेष प्रतिनिधि नरहेको अवस्था स्मरण गराउँदै नेपाल सरकारको ध्यानाकर्षण गराइएको | कार्यान्वयन नभएको |
| १९ | थारू आयोग ऐन,२०७४ को दफा ७ (ड) को काम, कर्तव्य र अधिकारमा थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने अधिकारको व्यवस्था भएको छ। छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने मात्र अधिकार हुँदा आयोगमा सो सम्बन्धी उजुरी प्राप्त हुन सकेका छैनन् । त्यसैले यस आयोगलाई थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन गरी सम्बन्धित निकायमा सिफारिस तथा सुझाव दिन सक्ने गरी कानुनी व्यवस्था हुनुपर्ने भनि सिफारीस गरिएको । | कानूनी व्यवस्था हुन नसकेको |
| २० | राष्ट्रिय जनगणना, २०७८ मा राज्यका अंगमा थारू समुदायको सहभागिताको अवस्था, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्य सुरक्षा, मानव विकासको अवस्था र गरिबीको स्थिति आदि क्षेत्रको खण्डिकृत तथ्यांक संकलनको व्यवस्थामा जोड दिन आवश्यक पहल गर्न सिफारिस गरिएको । | सो अनुसारको तथ्यांक संकलन हुन नसकेको |
| २१ | - लगत लिन छुट भएका मुक्त कमैया र कम्लहरीको लगत अद्यावधिक गर्न, प्राप्त जग्गा उपभोग गर्ने ब्यवस्था मिलाउन र घोषित सुविधाहरू सवै मुक्त कमैया र कम्लहरीहरूलाई उपलब्ध गराउन सिफारिस गरिएको ।<br>- मुक्त कमैया, कम्लहरी, हलिया र हरवा चरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८ सुझाव तथा सिफारिसलाई यथाशिघ्र कार्यान्वयन गर्न सिफारिस गरिएको । | मुक्त कमैया, कम्लहरी, हलिया र हरवा चरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८ आएको तर कार्यान्वयन नभएको |
| २२ | आयोगको राय, परामर्श, सुझाव विना राना थारू समुदायलाई छुट्टै सूचीकरण गर्ने गरी निर्णय हुँदा समग्र थारू समुदायको दीर्घकालीन हक हितमा नकारात्मक असर पर्न जाने देखिदा यथास्थितिमा नै राखी दिन सिफारिस गरीएको | आयोगको सिफारिस विपरित राना थारू सूचीकरण भइ अलग जनगणना समेत भएको |

| सि.नं. | मुख्य सिफारिस | कार्यान्वयनको अवस्था |
|---|---|---|
| २३ | थारू बाहुल्य क्षेत्रमा आयोगको सम्पर्क कार्यालय नहुँदा समुदाय र जनताको नजिकका सरकारहरूसँग निकट सम्पर्कमा रही थारू समुदायका यथार्थ समस्याहरू बुझी समस्या समाधान गर्न कठिनाई भएकोले कोशी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा सम्पर्क कार्यालय स्थापना गर्न तेस्रो वार्षिक प्रतिवेदनमा सुझाव दिइएको | हालसम्म कार्यान्वयन नभएको |
| २४ | थारू समुदायमा लाग्ने सिकलसेल एनिमिया र विटा थालेसेमिया रोगको उपचारका लागि आवश्यक पर्ने Hydroxyurea, Folic acid लगायतका औषधिहरू राष्ट्रिय स्वास्थ्य वीमा बोर्डको सूचीमा सूचीकृत गर्न सिफारिस गरिएको | स्वास्थ्य वीमा बोर्डले सूचीमा समावेश गरेको |
| २५ | प्रदेश सरकार तथा स्थानीय तहलाई थारू समुदायको बसोबास रहेको क्षेत्रमा उनीहरूको इतिहास कला र संस्कृतिको खोज तथा संरक्षण र संबर्द्धन तथा थारू समुदायको हकहितको संरक्षण एवं सशक्तीकरण गर्न नीति तथा कार्यक्रमका लागि आवश्यक बजेट छुट्याउन प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गरी सो कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गरीदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखि पठाईएको | आंशिक रुपमा कार्यान्वयन भएको । |
| २६ | रार्ष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र आसपासका थारू समुदाय लगायतका बासिन्दाहरूमा बन्यजन्तुबाट सुरक्षा चुनौति बढ्दै गएकोमा बन्यजन्तुको आक्रमणबाट बच्न आवश्यक सुरक्षाको लागि समन्वय तथा प्रबन्ध गर्न नेपाल सरकारलाई लेखि पठाईएको | प्रभावकारी कार्यान्वयन नभएको |
| २७ | सुदुरपश्चिम र लुम्विनी प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाको शर्त सम्बन्धमा गर्न वनेको ऐनको व्यवस्था संविधानमा उल्लेख भए बमोजिम समानुपातिक समावेशिताको मर्म र संघीय निजामती विधयेकको भावना वमोजिम नदेखिएकोले सुझाव सहितको सिफारिस ऐनको व्यवस्थामा सुधार गर्नका लागि सुदुरपश्चिम र लुम्विनी प्रदेश सरकारलाई लेखी पठाईएको | आंशिक रुपमा कार्यान्वयन भएको |
| २९ | थारू समुदायको परिभाषा नेपाल सरकारलाई सिफारिस गरिएको | प्रक्रियामा रहेको |
| २९ | थारू समुदायको ५२३ वटा थर सूचीकरण गर्न नेपाल सरकारलाई सिफारिस गरिएको | प्रक्रियामा रहेको |
| ३० | सिकलसेल एनेमिया रोग पहिचान, रोकथाम तथा उपचारका सम्बन्धमा एकिकृत कार्यविधि बनाई संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने र सो सम्बन्धी कुनै कार्यक्रम, अध्ययन, अनुसन्धानको कार्य गराउनु पूर्व आयोगलाई जानकारी गराउनुपर्ने सुझाव दिइएको । | सुझाव अनुसार कार्यान्वयन हुन नसकेको |
| ३१ | राज्यले स्पाइनल इन्ज्यूरी, पक्षघात, क्यान्सर तथा मृगौलाका दीर्घ रोगीलाई रु. ५,००० प्रति महिना जीवन निर्वाह खर्च दिने भनिएकोमा सिकलसेल एनिमिया रोग पनि अनुवांशिक दीर्घरोग भएकोले सो सरह निर्वाह खर्चका लागि नेपाल सरकारलाई सिफारिस गरिएको । | सुझाव अनुसार कार्यान्वयन हुन नसकेको |

# परिच्छेद – नौ

# आ.ब. २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरू

## ९.१. सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

थारू आयोगको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत सरोकारवालाहरूसँग समसामयिकविषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम कोशी प्रदेशको मोरङ, मधेस प्रदेशको बारा, बागमती प्रदेशको काठमाडौं र लुम्बिनी प्रदेशको दाङ जिल्लामा सम्पन्न भयो। क्षेत्रगत रुपमा विभिन्न विषयमा केन्द्रित रहेर स्थानीय वुद्धिजिवी, थारू अगुवा, जनप्रतिनिधी एवम् सरोकारवालाहरूको उपस्थितिमा उक्त कार्यक्रमहरू आयोजना गरिएको थियो। कार्यक्रममा आयोगका माननीय का.वा. अध्यक्ष तथा माननीय सदस्यज्यूहरूको उपस्थिति रहेको थियो।

### सो कार्यक्रमको संक्षिप्त विवरण:

### क) लुम्बिनी प्रदेशको दाङ:

**कार्यक्रम:**– सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम भएको मिति:**– २०८२/०९/२४ गते विहिबार

**स्थान:**– थारू कल्याणकारिणी सभाको सभाहल, लमही ५

**छलफलको मुख्य विषय:**– बरघर प्रथा र बर्तमान समयमा यसको सान्दर्भिकता

**कार्यक्रमको अध्यक्षता:**– आयोगका का.वा. अध्यक्ष माननीय सुबोध सिंह थारू

**प्रमुख अतिथि:**– घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीज्यू

**अन्य अतिथि:**– विभिन्न स्थानीय तहका प्रमुख/उपप्रमुख तथा थारू कल्यणकारिणी सभाका पदाधिकारीहरू तथा अन्य सरोकारवालाहरू

**सहभागी संख्या:**– ५८ जना

**कार्यपत्र प्रस्तुतकर्ता:**– अधिवक्ता हल्लु प्रसाद चौधरी

**छलफलका क्रममा उठेका विषय:–**

- बरघर प्रथाको ऐतिहासिक प्रयोग र यसको प्रभावकारिकता
- स्थानीय कानून र बरघर कानून बिचको अन्तरसम्बन्ध
- स्थानीय तहहरू र प्रदेश सरकारहरूको बरघर प्रथाको संरक्षण र सुधारका लागि खेल्नुपर्ने भुमिका
- बरघर ऐन निर्माण र कार्यान्वयनको अवस्था र अवको कार्यदिशा

### सुझावहरूः–

- बरघर प्रथाको ऐतिहासिक महत्वलाई उजागर गर्दै यसला अझ व्यवस्थित र प्रभावकारी बनाउन सबै सम्बद्ध निकायहरू जिम्मेवार बन्नु पर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारूका प्रथाजनित कानून प्रणालीलाई वर्तमान समयानूकुल परिमार्जन गर्दै कार्यान्वयन गर्नुपर्ने ।

## ख) कोशी प्रदेशको बिराटनगरः

**कार्यक्रमः–** सरोकारवालाहरूसँग समसामयिकविषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम भएको मितिः–** २०८२/१०/०८ गते बिहिवार

**स्थानः–** थारू कल्याणकारिणी सभाको सभाहल, बिराटनगर

**छलफलको मुख्य विषयः–** ग्रामथानको अवस्था र यसको संरक्षणमा राज्यको प्रथमिकता

**कार्यक्रमको अध्यक्षताः–** आयोगका सदस्य माननीय शान्ती मोदी

**प्रमुख अतिथिः–** समाजसेवी तथा था.क.स. पुर्व केन्द्रीय उपाध्यक्ष कन्नुलाल चौधरीज्यू

**अन्य उपस्थितिः–** विभिन्न स्थानीय तहका प्रमुख/उपप्रमुखहरू तथा अन्य सरोकारवालाहरू

**सहभागी संख्याः–** ५२ जना

**कार्यपत्र प्रस्तुतकर्ताः–** अधिवक्ता मधुसुधन चौधरी

### छलफलका क्रममा उठेका विषयः–

- ग्रामथानको ऐतिहासिक तथा साँस्कृतिक महत्व
- आनुबांशिक स्रोतमा पहूँच, उपयोग र लाभको बाँडफाड र थारू समुदाय
- ग्रामथानहरूको हालको प्रयोगको अवस्था र जग्गा अतिक्रमणमा यसको अस्तित्वको सवाल
- स्थानीय तहहरू र प्रदेश सरकारहरूले ग्रामथानहरूको संरक्षण र सुधारका लागि खेलेको र खेल्नु पर्ने भुमिका
- ग्रमथान संरक्षणका लागि संघ, प्रदेश तथा स्थानीय तहहरूले गर्नुपर्ने नीतिगत कानूनी तथा व्यवस्थापकीय सुधारहरू र अवको कार्यदिशा
- आनुबांशिक स्रोतमा पहूँच, उपयोग र लाभको बाँडफाडमा आदिवासी थारूको अधिकार ।

### सुझावहरूः–

- थारू समायको साँस्कृतिक ऐतिहासिक तथा धार्मिक महत्वको थान मठ मन्दिर तथा ग्रामथानहरूको संरक्षण गर्दै यसलाई अझ व्यवस्थित बनाउन सबै सम्बद्ध निकायहरू जिम्मेवार बन्नु पर्ने ।
- संघ, प्रदेश सरकार र स्थानीय तहहरूले थारू समायका आस्थाका धरोहरका रुपमा रहेका ग्रामथानहरूको प्रचार प्रसार र विकास गर्नुपर्ने

- सार्वजनिक क्षेत्रका ग्रामथानहरूलाई समेत बजेट व्यवस्था हुने गरी कानूनी व्यवस्था गर्नु पर्ने गर्नुपर्ने ।
- आनुबांशिक स्रोतमा पहूँच, उपयोग र लाभको बाँडफाडमा आदिवासी थारूको अधिकारको सुनिश्चितता हुनुपर्ने ।

## ग) मधेश प्रदेशको बारा:

**कार्यक्रम**:– सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम भएको मिति**:– २०८२/१०/१६ गते शुक्रबार

**स्थान**:– थारू अतिथि सेवा सदनको सभाहल

**छलफलको मुख्य विषय**:– बारा पर्सा रौतहट जिल्लामा थारू भाषा र साहित्यको अवस्था

**कार्यक्रमको अध्यक्षता**:– आयोगका सदस्य माननीय भोलाराम चौधरी

**प्रमुख अतिथि**:– नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ठ श्रेष्ठज्यू

**अन्य उपस्थिती**:– थारू भाषा साहित्यका क्षेत्रमा क्रियाशिल भाषाविद् तथा अन्य सरोकारवालाहरू

**सहभागी संख्या**– ५५ जना

**कार्यपत्र प्रस्तुतकर्ता**:– थारू साहित्यकार तथा लेखक हृदय नारायण चौधरी

### छलफलका क्रममा उठेका विषय:–

- थारू भाषाको ऐतिहासिक प्रयोग र यसको विकास
- स्थानीय पाठ्यक्रमा थारू भाषाको प्राथमिकता
- थारू साहित्यलेखनमा थारू भाषा र थारू साहित्यकारहरूको भूमिका

### सुझावहरू:–

- थारू भाषासहित्य लेखनमा लेखकहरूको विषेश ध्यान जानु पर्ने
- थारू भाषालाई स्तरीकृत र एकरूपता कायम गर्न थारू मानक भाषा लेखन निर्देशिका तयार गरी प्रशिक्षित गरिनुपर्ने ।
- घर परिवार र समुदायका सदस्यहरूविच थारू भाषा मै बोलीचाली गर्ने पुरानो चलनलाई जगेर्ना गर्दै बालबालिकालाई समेत आफ्नो भाषा प्रति आकर्षित गराउनु पर्ने
- थारू भाषा साहित्यको जगेर्नाको लागि सरोकारवाला सबै पक्षहरूले विषेश ध्यान पुर्यउनुपर्ने ।
- मधेश प्रदेशमा थारू भाषालाई सरकारी कामकाजी भाषा बनाउन खेल्नु पर्ने भूमिका, थारू बाहुल्य रहेको पालिकाहरूको विद्यालय तहमा थारू मातृभाषा पठनपाठनको संभाव्यता लगायत युवा पुस्तालाई आफ्नो मातृभाषाको महत्व र यसका फाइदका बारेमा जानकारी दिनुपर्ने ।

## घ) बागमती प्रदेशको काठमाडौंः

**कार्यक्रमः-** सरोकारवालाहरूसँग समसामयिकविषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम भएको मितिः-** २०८३/०३/१५ गते सोमबार

**स्थानः-** युनियन हाउसको सभाहल, अनामनगर, काठमाडौं

**छलफलको मुख्य विषयः-** संविधान संशोधन, थारू समुदायसम्बद्ध कानून निर्माण तथा संशोधन र आरक्षणको सवाल

**कार्यक्रमको अध्यक्षताः-** आयोगका का.वा. अध्यक्ष माननीय सुबोध सिंह थारू

**प्रमुख अतिथिः-** महिला बालबालिका लैङ्गीक तथा यौंनिक अल्पसंख्यक र सामाजिक विकास मन्त्री माननीय सीता बादीज्यू

**अन्य उपस्थितीः-** प्रतिनिधी सभामा थारू समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यज्यूहरू

**विभिन्न आयोगका पदाधिकारीज्यूहरू**

- थारू कल्याणकारिणी सभा केन्द्रीय समितिका पदाधिकारी
- थारू पत्रकार संघका पदाधिकारी
- थारू बुद्धिजिवी तथा सरोकारवालाहरू

**सहभागी संख्याः-** ९० जना

**कार्यपत्र प्रस्तुतकर्ताः-** अधिवक्ता महेश कुमार चौधरी

### छलफलका विषयः-

- संविधानमा थारूको सवाल
- संघीय निजामती सेवा ऐन र थारू समावेशिकरण
- प्रतिनिधीसभामा थारू समुदायबाट प्रतिनिधित्व गर्ने सांसदज्यूहरूको भुमिका

### प्राप्त सुझावहरूः-

- संविधान संशोधनका विषयमा विज्ञहरूबाट सरोकारवाला निकायहरूसँगको समन्वयमा आवश्यक सुझाव पेश गर्नुपर्ने ।
- राज्यका हरेक निकायहरूमा थारू समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशिकरणको सुनिश्चितता गरिनुपर्ने ।
- प्रतिनिधीसभामा थारू समुदायबाट प्रतिनिधित्व गर्ने सांसदज्यूहरूको भुमिका प्रभावकारी हुनुपर्ने
- थारू सम्बद्ध सवालहरूमा सबै सरोकारवालाहरूको क्रियाशिलता रहनुपर्ने ।
- थारू आयोग तोकिएको जिम्मेवारी तथा कार्यादेशमा सक्रिय र जिम्मेवार हुनुपर्ने ।
- मुक्त कमैया कम्लहरीहरूको जीवनस्तर सुधारमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने ।
- थारू समुदाय प्राचिन आदिवासी रहेको र जल, जमिन र जंगलको संरक्षकका रुपमा भूमिका खेलिरहेको भुमिपुत्र भएकोले यिनीहरूको अधिकारको सुनिश्चितता हुनुपर्छ ।

## ९.२. बालश्रम, बालबिबाह तथा लागुऔषध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम

थारू आयोगको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत बालश्रम, बालविवाह तथा लागुऔषध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम कोशी प्रदेशको सुनसरी, बागमती प्रदेशको चितवन, र लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा सम्पन्न भयो। थारू युवा युवतीहरूलाई बालश्रम, बाल विवाह तथा लागु पदार्थ दुर्व्यशनीका बारेमा जनचेतना जगाउने र यस्ता गतिविधिमा संलग्न हुनबाट जोगाउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो। आयोगका सदस्य माननीय शान्ती मोदीले संयोजन गर्नु भएको यस कार्यक्रममा नेपाल प्रहरीको समन्वयमा प्रस्तुतिकरण गरिएको थियो। यस कार्यक्रममा स्थानीय बुद्धिजिवी, थारू अगुवा, जनप्रतिनिधी एवम् सरोकारवालाहरूको उपस्थिति रहेको थियो। बर्दियामा सम्पन्न कार्यक्रम आयोगका माननीय का.वा. अध्यक्षज्यूको अध्यक्षतामा तथा आयोगका पूर्व अध्यक्ष मा. विष्णु प्रसाद चौधरीज्यूको प्रमुख आतिथ्यतामा भएको थियो भने चितवन र सुनसरीको कार्यक्रम आयोगका सदस्य माननीय शान्ती मोदीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो।

## ९.३. थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम आयोगको बैठकको निर्णय अनुसार विभिन्न छ प्रदेशमा सम्पन्न भयो। प्रदेश सरकारहरू र स्थानीय तहहरूले थारू समुदायको उत्थान र हितका सन्दर्भमा अवलम्बन गरेका नीति र कार्यक्रमको कार्यान्वयनको अवस्थाका वारेमा प्रदेश सभा सदस्यहरू र स्थानीय जनप्रतिनिधीहरूसँग छलफल गर्ने र नीति तथा कार्यक्रम कार्यान्वयनको समस्या र चुनौतिको समाधान गर्दै प्रदेश सरकार स्थानीय सरकारलाई थारू समुदाय प्रति विम्मेवार र जवाफदेही बनाउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो। कार्यक्रममा आयोगका पदाधिकारीज्यूहरूको उपस्थिति रहेको थियो भने अतिथिका रुपमा प्रदेशसभा सदस्यहरू स्थानीयतहहरूका प्रमुख तथा उप प्रमुख तथा अन्य सरोकारवालाको समेत उपस्थिति रहेको थियो।

### उक्त कार्यक्रमको संक्षिप्त विवरण

#### क) कैलालीको टिकापुरः-

**कार्यक्रमको शिर्षकः-** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः-** २०८२/११/२९

**कार्यक्रम भएको स्थानः-** टिकापुर नगरपालिकाको सभाहल

**कार्यक्रमको अध्यक्षताः-** माननीय का. वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः-** प्रदेश सभा सदस्य एवम् पूर्व मन्त्री सु.प. प्रदेश मा. लक्ष्मण किशोर चौधरीज्यू

**अन्य उपस्थितिः-** सुदुरपश्चिम प्रदेशसभा सदस्य माननीय रामेश्वर चौधरी
विभिन्न स्थानीय तहका प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरू, थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू तथा अन्य सरोकारवालाहरू

**कार्यपत्र प्रस्तुतकर्ताः-** बुद्धिजिवी दिल बहादुर चौधरी

**प्राप्त सुझावहरू:-**

- मुक्त कमलरी तथा कमैयाको अधिकारलाई व्यवस्थित बनाउनु पर्ने ।
- थारू संस्कृति प्रथा परम्पराहरू लाई संरक्षण गर्दै व्यवस्थित गर्नु पर्ने ।
- थारू समुदायको शिक्षा स्वास्थ्य र रोजगारीको सवालमा संवेनशिल हुनुपर्ने ।
- थारूलाई प्रदान गरीएको जातिय आरक्षण प्रयाप्त हुनु पर्ने ।
- भलमन्सा तथा बडघर प्रणालीलाई कानूनी रुप दिई प्रभावकारी रुपमा लागु गर्नुपर्ने ।
- भुमिहिन विपन्न थारू परिवारलाई भुमीको व्यवस्था सहित स्वरोजगारीका लागि विउ पुँजीको व्यवस्था हुनु पर्ने ।
- सिकलसेल एनिमिया लगायतमा विरामीलाई आजिवन प्रयाप्त जीवन निर्वाह भत्ताको व्यवस्था हुनु पर्ने ।
- संघ प्रदेश तथा स्थानीय सरकारले माग र आवश्यकतामा आधारित नीति तथा कार्यक्रम मार्फत यथेस्ट बजेटको व्यवस्था गर्नुपर्ने र त्यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने ।

## ख) दाङ जिल्लाको देउखुरी:-

**कार्यक्रमको शिर्षक:-** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मिति:-** २०८३/०१/१७

**कार्यक्रम भएको स्थान:-** मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालयको सभाहल, राप्ती

**कार्यक्रमको अध्यक्षता:-** माननीय का.वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथि:-** लुम्बिनी प्रदेश सरकारका माननीय चेतनारायण आचार्यज्यू

**अन्य उपस्थिति:-** लुम्बिनी प्रदेश प्रदेशसभा सदस्य माननीय इन्द्रजित चौधरी
लमही नगरपालिकाका प्रमुख जोगराज चौधरी
तुलसिपुर उपमहानगरपालिकाका उपप्रमुख श्यानी चौधरी
लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डिल्लीराम चौधरी
थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू तथा अन्य सरोकारवालाहरू

**कार्यपत्र प्रस्तुतकर्ता:-** पत्रकार सन्तोष दहित

**प्राप्त सुझावहरू:-**

- लुम्बिनी प्रदेश सरकारले थारू सम्बद्ध कार्यक्रमहरूलाई प्रथिमकता दिनुपर्ने
- मुक्त कमैया र कम्लहरीको उत्थान गर्न सिपमुलक कार्यक्रमका लागि विउ पुँजी अनुदान दिने व्यवस्था हुनुपर्ने
- भुमीहिन थारूहरूलाई भुमीको उचित व्यवस्था हुनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारू सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नुपर्ने।
- थारू समुदायको प्रथाजनित कानूनहरूलाई कानून प्रदेश सभाबाट पारित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने

## ग) सिरहा जिल्लाको लहानः–

**कार्यक्रमको शिर्षकः–** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः–** २०८३/०१/२८ गते सोमबार

**कार्यक्रम भएको स्थानः–** लहान नगरपालिकाको सभाहल, लहान

**कार्यक्रमको अध्यक्षताः–** माननीय का. वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः–** मधेश प्रदेशसभा सदस्य माननीय राजेद्र प्रसाद चौधरीज्यू

**अन्य उपस्थितिः–** विभिन्न स्थनीय तहहरूका प्रमुख तथा उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत
थारू कल्याणकारिणी सभाका जिल्ला पदाधिकारी
बुद्धिजिवी तथा सरोकारवालाहरू

**कार्यपत्र प्रस्तुतकर्ताः–** अधिवक्ता बुद्धसेन चौधरी

### नीति तथा कार्यक्रम कार्यावयनको अवस्थाः

प्रदेश सरकारले थारू समुदायको हक हितको क्षेत्रमा केही मात्रामा कार्यक्रम संचालन गरी बजेट समेत विनियोजन गरेको । साथै आगामि आ.व. हरूमा समेत यस्ता कार्यक्रमहरूलाई विषेश जोड दिने प्रतिवद्धता व्यक्त भएको ।

मधेश प्रदेश अन्तरगतका सप्तकोशी नगरपालिका लगायतका स्थानिय तहहरूले समेत थारू समुदायसँग सम्बन्धित विभिन्न स्वरोजगार, उद्यमशिलता विकास एवम् सिपमुलक तालिम, जितिया माघी जस्ता साँस्कृतिक कार्यक्रम संचालन, विशेष छात्रवृत्ति , मौलिक पेशा व्यवसायको निशुल्क दर्ता गर्ने जस्ता कार्यक्रमहरू संचालन भएको ।

### प्राप्त सुझावहरूः–

- मधेश प्रदेश सरकारले थारू सम्बद्ध कार्यक्रमहरूलाई प्रथिमकता दिनुपर्ने
- थारू समुदायको मौलिकता झल्कने पेशा, व्यवसाय र उद्योगको प्रवर्धन गरी सिपमुलक कार्यक्रम संचालन हुनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारूको सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नुपर्ने ।
- थारू समुदायको प्रथाजनित कानूनहरूलाई कानून प्रदेश सभाबाट पारित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने
- थारू समुदायवाट राज्यको उच्च निकायमा कार्यरत जनशक्तिको तथ्याङ्क अद्यावधिक हुने व्यवस्था गर्नुपर्ने ।
- स्थानीय तहहरूले स्थानीय पाठ्यक्रममा थारू भाषालाई समेत प्रथामिकता दिएर पठनपाठनको व्यवस्था मिलाउनु पर्ने ।

## घ) मोरङ जिल्लाको बिराटनगरः-

**कार्यक्रमको शिर्षकः-** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः-** २०८३/०१/३० बुधवार

**कार्यक्रम भएको स्थानः-** जिल्ला समन्वय समितिको सभाहल, मोरङ

**कार्यक्रमको अध्यक्षताः-** माननीय का. वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः-** कोशी प्रदेश सरकारका सामजिक विकास मन्त्री माननीय राम प्रसाद महतोज्यू

**अन्य उपस्थितिः-** कोशी प्रदेशसभा सदस्य माननीय जय प्रकाश चौधरी

कोशी प्रदेशसभा सदस्य माननीय राजेन्द्र प्रसाद चौधरी

विभिन्न स्थानीय तहका प्रमुख उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत

थारू कल्याणकारिणी सभाक जिल्ला पदाधिकारी

बुद्धिजिवी तथा सरोकारवालाहरू

**कार्यपत्र प्रस्तुतकर्ताः-** हौली परिवारका सल्लाहकार राम सागर चौधरी

### नीति तथा कार्यक्रम कार्यावयनको अवस्थाः

प्रदेश सरकारले थारू समुदायको हक हितको क्षेत्रमा केही मात्रामा कार्यक्रम संचालन गरी बजेट समेत विनियोजन गरेको । साथै आगामि आ.व.हरूमा समेत यस्ता कार्यक्रमहरूलाई विषेश जोड दिने प्रतिवद्धता व्यक्त भएको ।

कोशी प्रदेश अन्तरगतका स्थानीय तहहरूले थारू समुदायसँग सम्बन्धित विभिन्न स्वरोजगार, उद्यमशिलता विकास एवम् सिपमुलक तालिम, जितिया, माघी जस्ता साँस्कृतिक कार्यक्रम संचालन, विशेष छात्रवृत्ति, मौलिक पेशा व्यवसायको निःशुल्क दर्ता गर्ने जस्ता कार्यक्रमहरू संचालन भएको ।

### प्राप्त सुझावहरूः-

- कोशी प्रदेश सरकारले थारू सम्बद्ध कार्यक्रमहरूलाई प्रथिमकता दिनुपर्ने
- थारू समुदायको उद्यमशिलता विकास तथा स्वरोजगारका क्षेत्रमा प्राथमिकता दिनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारू सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नुपर्ने ।
- थारू समुदायको प्राचिन मठ मन्दिर तथा ग्रमथानहरूको समुचित विकास तथा संरक्षण गर्नु पर्ने
- थारू समुदायको मौलिक सीप तथा खाद्य परिकारहरूको प्रचार प्रसार गरी आर्थिक उत्पादनसँग जोड्न नीतिगत व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने ।

## ङ) चितवन जिल्लाको भरतपुरः–

**कार्यक्रमको शिर्षकः–** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः–** २०८३/०२/०४

**कार्यक्रम भएको स्थानः–** ग्यालेक्सी गार्डेन रिसोर्टको सभाहल,

**कार्यक्रमको अध्यक्षताः–** माननीय का.वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः–** वागमती प्रदेश सभा सदस्य एवम् शिक्षा स्वास्थ्य तथा कृषि समिति सभापति माननीय ठाकुर प्रसाद ढकालज्यू

अन्य उपस्थिति वागमती प्रदेशसभा सदस्य माननीय कृष्ण प्रसाद सिलवाल

विभिन्न स्थानीय तहक प्रमुख उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत

थारू कल्याणकारिणी सभाका पदाधिकारी

बुद्धिजिवी एवम् सरोकारवालाहरू

**कार्यपत्र प्रस्तुतकर्ताः–** अधिवक्ता संजय कुमार चौधरी

### नीति तथा कार्यक्रम कार्याावयनको अवस्थाः

प्रदेश सरकारले थारू समुदायको हक हितको क्षेत्रमा केही मात्रामा कार्यक्रम संचालन गरी बजेट समेत विनियोजन गरेको । साथै आगामि आ.व.हरूमा समेत यस्ता कार्यक्रमहरूलाई विषेश जोड दिने प्रतिवद्धता व्यक्त भएको ।

वागमती प्रदेश अन्तरगतका खासगरी चितवन जिल्लाका कालिका, माडी, खैरहनी नगरपालिका लगायतका स्थानीय तहहरूले थारू समुदायसँग सम्बन्धित विभिन्न स्वरोजगार, उद्यमशिलता विकास एवम् सिपमुलक तालिम, जितिया माघी जस्ता साँस्कृतिक कार्यक्रम संचालन, विशेष छात्रवृत्ति, मौलिक पेशा व्यवसायको निःशुल्क दर्ता गर्ने जस्ता कार्यक्रमहरू संचालन भएको ।

### प्राप्त सुझावहरूः–

- बागमती प्रदेश सरकारले थारू सम्बद्ध कार्यक्रमहरूलाई प्रथिमकता दिनुपर्ने
- थारू समुदायको उद्यमशिलता विकास तथा स्वरोजगारका क्षेत्रमा प्राथमिकता दिनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारू सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नुपर्ने ।
- थारू समुदायको प्राचिन तथा मौलिक संस्कृतिको विकास र संरक्षण गर्दै आर्थिक उपार्जनसँग जोड्न नीति तथा कार्यक्रम ल्याउनु पर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने ।

## च) सुर्खेत जिल्लाको विरेन्द्रनगरः–

**कार्यक्रमको शिर्षकः–** थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः–** २०८३/०२/२९ गते शुक्रवार

**कार्यक्रम भएको स्थानः–** पातालगंगा थारू होमस्टेको सभाहल, सुर्खेत

**कार्यक्रमको अध्यक्षताः–** माननीय का.वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः–** विरेन्द्रनगर नगरपालिकाका उपप्रमुख निलकण्ठ खनालज्यू
अन्य उपस्थितिः विभिन्न स्थानीय तहक प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत, थारू कल्याणकारिणी सभाका पदाधिकारी, बुद्धिजिवी एवम् सरोकारवालाहरू

**प्राप्त सुझावहरूः–**

- कर्णाली प्रदेश सरकारले थारू सम्बद्ध कार्यक्रमहरूलाई प्रथिमकता दिनुपर्ने ।
- मुक्त कमैया र कम्लहरीको उत्थान गर्न सिपमुलक कार्यक्रमका लागि विउ पुँजी अनुदान दिने व्यवस्था हुनुपर्ने ।
- भुमीहिन थारूहरूलाई भुमीको उचित व्यवस्था हुनुपर्ने ।
- सिकलसेल एनिमिया तथा बिटाथालासेमिया रोगबाट पिडितलाई उचित राहत र स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले थारू सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नुपर्ने ।

## ९.४. महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम

आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम आयोगको बैठकको निर्णय अनुसार काठमाडौंमा सम्पन्न भयो । महिला अधिकार र थारू महिलाको वर्तमान अवस्थाको सम्बन्धमा सरोकारवालाहरूसँग छलफल र सम्बन्धित पक्षहरूलाई थारू समुदायका महिलाको अधिकार संरक्षणप्रति जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो । कार्यक्रममा आयोगका पदाधिकारीज्यूहरूको उपस्थिति रहेको थियो भने अतिथिका रुपमा थारू कल्याणकारिणी सभाका केन्द्रीय उपाध्यक्ष तथा अन्य पदाधिकारी र सरोकारवालाहरूको समेत उपस्थिति रहेको थियो ।

**कार्यक्रमको शिर्षकः–** महिला अधिकार थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम सम्पन्न भएको मितिः–** २०८३/०३/१९ गते

**कार्यक्रम भएको स्थानः–** धन्यवाद पार्टी प्यालेसको सभाहल, काठमाडौं

**कार्यक्रमको अध्यक्षताः–** माननीय का.वा. अध्यक्ष सुबोध सिंह थारू

**प्रमुख अतिथिः–** थारू कल्याणकारिणी सभा केन्द्रीय उपाध्यक्ष हरिदेवी चौधरीज्यू

**अन्य उपस्थितिः–** थारू महिला अधिकारकर्मी, पत्रकार, सरोकारवाला तथा थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू

**कार्यपत्र प्रस्तुतकर्ताः–** अधिवक्ता शुशिला चौधरी

**प्राप्त सुझावहरू:-**

- थारू महिलाहरूलाई आफ्नो अधिकारका सम्बन्धमा सुसूचित गर्नु पर्ने
- आधारभूत मानव अधिकार अन्तरगत शिक्षा स्वास्थ्य आवास पोषण रोजगारीको प्रत्याभूत गर्नुपर्ने
- थारू महिलाहरूको सशक्तिकरण, स्वरोजगारी र आयआर्जनको व्यवस्था हुनुपर्ने
- प्रदेश सरकार र स्थानीय तहहरूले थारू सीप, कला, भाषा, संस्कृति, कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्याकेज कार्यक्रम लागू गर्नु पर्ने ।

# परिच्छेद – दश

## आ.ब. २०८२/८३ मा सम्पन्न कार्यक्रमहरूको प्रगति विवरण

| सि.नं. | कार्यक्रम | संख्या | प्रतिएकाई दर | जम्मा रकम | जम्मा खर्च रकम | भौतिक प्रगति | वित्तीय प्रगति | कार्यक्रम सञ्चालन भएको स्थान | मुख्य जिम्मेवार व्यक्ति/ संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थारू चाडपर्व तथा रीतिरिवाज मस्बन्धी अध्ययन | १ | ५००००० | ५००००० | ४९७७६५ | १०० | ९९.५५ | गण्डकी, बागमती, मधेश र कोशी प्रदेशमा गरिएको | का.बा. अध्यक्ष सुबोध सिंह थारू | |
| २ | थारू समुदायको पहिरन (भेषभूषा र गरगहना) सम्बन्धी अध्ययन | १ | ५००००० | ५००००० | ४९८३३० | १०० | ९९.६६ | ७ वटै प्रदेश समेटिएको | का.बा. अध्यक्ष सुबोध सिंह थारू | |
| ३ | थारू समुदायको आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर (आधारभुत तहको पाठ्यक्रममा थारू समुदाय सम्बद्ध पाठ्यवस्तु पहिचान तथा सिफारिस एवं मातृभाषामा आधारित शिक्षा) सम्बन्धी अध्ययन | १ | ५००००० | ५००००० | ४९८४९९ | १०० | ९९.६७ | ७ वटै प्रदेश समेटिएको | मा. सदस्य भोलाराम चौधरी | |
| ४ | सचेतनामूलक कार्यक्रम (वालविवाह, वालश्रम तथा लागु औषध दुर्व्यसनी) | ३ | १००००० | ३००००० | २८७४९० | १०० | ९५.८३ | बागमती, कोशी र लुम्बिनी | मा. शान्ती मोदी | |
| ५ | विभिन्न अध्ययन प्रतिवेदन प्रकाशन | ६ | | १४००००० | १३९७८६४ | १०० | ९९.८४ | | | |
| ६ | सरोवाकरवालाहरूसँग समसामयिक विषयमा छलफल कार्यक्रम | ४ | १५०००० | ६००००० | ५१९१०४ | १०० | ८६.५१ | लुम्बिनी, कोशी, बागमती र मधेश प्रदेश | | |
| ७ | थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा समिक्षा कार्यक्रम | ६ | १५०००० | ९००००० | ८८९८६६ | १०० | ९८.८७ | कोशी, मधेश बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | | |
| ८ | महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रम | १ | १५०००० | १५०००० | ११२२५० | १०० | ७४.८३ | काठमाडौं | | |

# परिच्छेद - एघार

# आयोगका पदाधिकारीहरूबाट भएको अनुगमन तथा निरीक्षण सम्बन्धी विवरण

## ११.१. अनुगमन तथा निरीक्षण सम्बन्धी संक्षिप्त विवरण:

| क्र.सं. | अनुगमनकर्ता | अनुगमन मिति | स्थान | अनुगमनको विषय | सुझावहरू |
|---|---|---|---|---|---|
| ४ | सुबोध सिंह थारू | २०८२/०६/१९ देखि २५ सम्म | लुम्बिनी प्रदेश | लुम्बिनी प्रदेशका सम्पदाहरूको अनुगमन | लुम्बिनी प्रदेशका छुटेको सम्पदाहरूलाई समेत थारू सम्पदामा सुचिकृत गर्ने । |
| ५ | सुबोध सिंह थारू | २०८२/०७/०९ देखि १२ सम्म | बर्दिया | निकुञ्जमा जंगली जनावरले पुर्‍यायको क्षतीको वारेमा अनुगमन | क्षतिको यथार्थ विवरण संकलन गरी सम्बन्धित निकायबाट उचित क्षतिपूर्ति तथा आवश्यक व्यवस्था गर्न पहल गर्ने । |
| ६ | सुबोध सिंह थारू | २०८२/०८/२२ देखि २७ सम्म | बर्दिया | अनुगमन | अनुगमनबाट प्राप्त समस्या तथा सुझावहरू सम्बन्धित निकायसमक्ष पेश गर्ने । |
| ७ | सुबोध सिंह थारू | २०८२/०९/२२ देखि २८ सम्म | बुटवल | वार्षिक प्रतिवेदन बुझाउन । | वार्षिक प्रतिवेदन समयमै बुझाई सुझाव तथा सिफारिस कार्यान्वयनमा जोड दिने । |
| ८ | सुबोध सिंह थारू | २०८२/१०/१३ देखि १९ सम्म | धनगढी | वार्षिक प्रतिवेदन बुझाउन | वार्षिक प्रतिवेदन समयमै बुझाई सुझाव तथा सिफारिस कार्यान्वयनमा जोड दिने । |
| ९ | सुबोध सिंह थारू | २०८२/१०/२० देखि २६ सम्म | सुर्खेत | वार्षिक प्रतिवेदन बुझाउन | वार्षिक प्रतिवेदन समयमै बुझाई सुझाव तथा सिफारिस कार्यान्वयनमा जोड दिने । |
| १० | सुबोध सिंह थारू | २०८२/१०/२९ देखि २०८२/११/०४ सम्म | हेटौडा | वार्षिक प्रतिवेदन बुझाउन | वार्षिक प्रतिवेदन समयमै बुझाई सुझाव तथा सिफारिस कार्यान्वयनमा जोड दिने । |

| क्र.सं. | अनुगमनकर्ता | अनुगमन मिति | स्थान | अनुगमनको विषय | सुझावहरू |
|---|---|---|---|---|---|
| ११ | सुबोध सिंह थारू | २०८२/११/०७ देखि १३ सम्म | दाङ, बाँके र बर्दिया | अनुगमन | थारू समुदायका समस्या पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गर्ने । |
| १२ | सुबोध सिंह थारू | २०८२/११/१७ देखि २३ सम्म | दाङ, बाँके र बर्दिया | अनुगमन | अनुगमनबाट पहिचान भएका समस्या समाधानका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने । |
| १३ | सुबोध सिंह थारू | २०८२/१२/२४ देखि ३० सम्म | कैलाली, टिकापुर | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम । | थारू समुदायको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक तथा भाषिक आवश्यकता र प्राथमिकतालाई सम्बोधन हुने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायलाई सुझाव दिने । |
| १४ | सुबोध सिंह थारू | २०८३/०१/१५ देखि २१ सम्म | कैलाली | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश तथा स्थानीय तहको आवश्यकता समेटी प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सुझाव दिने । |
| १५ | सुबोध सिंह थारू | २०८३/०१/२५ देखि ३१ सम्म | लुम्बिनी प्रदेश | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश तथा स्थानीय तहको आवश्यकता समेटी प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सुझाव दिने । |
| १६ | सुबोध सिंह थारू | २०८३/०२/२५ देखि ३१ सम्म | कर्णाली प्रदेश | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश तथा स्थानीय तहको आवश्यकता समेटी प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सुझाव दिने । |
| १७ | मा. भोलाराम चौधरी | २०८२/०६/०८ देखि १२ सम्म | बिराटनगर, मोरङ | दशैं तथा गोठाले (कुड़पावन) | गोठाले पर्वको मौलिक धार्मिक तथा सांस्कृतिक मूल्य-मान्यता संरक्षण गर्दै अनावश्यक तडक-भडक र आधुनिक विकृतिलाई निरुत्साहित गर्नुपर्ने । |

| क्र.सं. | अनुगमनकर्ता | अनुगमन मिति | स्थान | अनुगमनको विषय | सुझावहरू |
|---|---|---|---|---|---|
| १८ | मा. भोलाराम चौधरी | २०८२/०७/०९ देखि १२ सम्म | सुनसरी | थारू परम्परा, संस्कृति सम्बन्धी अनुगमन | दिपावली/तिहारमा जुवा, तास, मदिरा सेवन, होहल्ला तथा झै-झगडा जस्ता विकृति नियन्त्रण गरी परम्परागत संस्कृति र सामाजिक सद्भाव कायम गर्नुपर्ने । |
| १९ | मा. भोलाराम चौधरी | २०८२/१०/१४ देखि २० सम्म | मधेश प्रदेश (जनकपुर, पर्सा) | बार्षिक प्रतिवेदन बुझाउन | वार्षिक प्रतिवेदन समयमै बुझाई सुझाव तथा सिफारिस कार्यान्वयनमा जोड दिने । |
| २० | मा. भोलाराम चौधरी | २०८२/१०/२७ देखि २०८२/११/०४ सम्म | मोरङ | अनुगमन | |
| २१ | मा. भोलाराम चौधरी | २०८३/०१/०१ देखि ७ सम्म | बिराटनगर | थारू परम्परा, संस्कृति सम्बन्धी अनुगमन | थारू युवा प्रतिभालाई मनोरञ्जनमा मात्र सीमित नराखी व्यावसायिक तथा रोजगारीमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गर्नुपर्ने । |
| २२ | मा. भोलाराम चौधरी | २०८३/०१/२५ देखि ३१ सम्म | मधेश प्रदेश | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश तथा स्थानीय तहको आवश्यकता समेटी प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सुझाव दिने । |
| २३ | मा. भोलाराम चौधरी | २०८३/०२/२७ देखि ३१ सम्म | चितवन | थारू समुदाय लक्षित नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम | प्रदेश तथा स्थानीय तहको आवश्यकता समेटी प्रभावकारी नीति तथा कार्यक्रम निर्माण गर्न सुझाव दिने । |
| २४ | मा.शान्ती मोदी | २०८२/०६/१९ देखि २५ सम्म | मोरङ | थारू बुद्धिजीवीहरूसँग भेटघाट | थारू समुदायको भाषा, संस्कृति, शिक्षा, सामाजिक, आर्थिक तथा समसामयिक विषयसँग सम्बन्धित समस्या, आवश्यकता र सुझावहरू सङ्कलन गरी आयोगको नीति, कार्यक्रम तथा सिफारिसमा समेट्ने । |

| क्र.सं. | अनुगमनकर्ता | अनुगमन मिति | स्थान | अनुगमनको विषय | सुझावहरू |
|---|---|---|---|---|---|
| २५ | मा.शान्ती मोदी | २०८२/०८/१७ देखि २३ सम्म | मोरङ | अनुगमन | अनुगमनका क्रममा पहिचान भएका थारू समुदायका समस्या तथा आवश्यकताहरूको विवरण तयार गरी सम्बन्धित निकायसँग समन्वय तथा सहकार्यका माध्यमबाट समाधानका लागि आवश्यक पहल गर्ने । |
| २६ | मा.शान्ती मोदी | २०८२/१०/०५ देखि ११ सम्म | मोरङ | थारू महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाको बारेमा अनुगमन | - थारू महिलाहरूको वित्तीय चेतना विकास गर्नुपर्ने ।<br>- महिला स्वरोजगार कार्यक्रममा जोड दिनुपर्ने । |
| २७ | मा.शान्ती मोदी | २०८२/१०/१४ देखि १६ सम्म<br>२०८२/१०/२३ देखि २९ सम्म | पोखरा<br>चितवन | वार्षिक प्रतिवेदन बुझाउन<br>वाल विवाह, वाल श्रम तथा लागूऔषध नियन्त्रण | बाल विवाह, बाल श्रम तथा लागूऔषधको प्रयोगबाट बालबालिका तथा युवामा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै स्थानीय तह, विद्यालय तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी नियन्त्रण तथा रोकथामका उपाय अवलम्बन गर्ने । |
| २८ | मा.शान्ती मोदी | २०८२/११/१५ देखि २१ सम्म | मोरङ, सुनसरी | थारू समुदायसँग सम्बन्धित सांस्कृतिक तथा ऐतिहासिक सम्पदा अनुगमन | थारू समुदायसँग सम्बन्धित सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको पहिचान, अभिलेखीकरण, संरक्षण तथा प्रबर्द्धन गरी सम्बन्धित निकायबाट आवश्यक संरक्षण तथा विकासका कार्यक्रम सञ्चालन गर्न पहल गर्ने । |
| २९ | मा.शान्ती मोदी | २०८२/१२/१० देखि १६ सम्म | सुनसरी | सचेतना कार्यक्रम | थारू समुदायमा शिक्षा, स्वास्थ्य, सामाजिक कुरीति, अधिकार, भाषा, संस्कृति तथा कानुनी विषयमा समुदायको आवश्यकता र स्थानीय अवस्थाअनुसार निरन्तर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। |
| २९ | मा.शान्ती मोदी | २०८३/०१/०७ देखि ११ सम्म | झापा, सुनसरी | अनुगमन | |

## ११.२. थारु समुदायको अनुगमनका क्रममा शिक्षा, स्वास्थ्य, जनचेतना, रोजगारी, सरकारी सेवामा आवद्धता र छात्रवृत्ति लगायतका समग्र अवस्थाको अध्ययन गरी थारु आयोगका सचिव तथा अनुगमन टोलीले प्राप्त गरेका मुख्य पृष्ठपोषण र आयोगलाई बुझाएका सुझावहरु :

### १. शिक्षा क्षेत्रमा पहुँच र मातृभाषामा पठनपाठन

- थारू बाहुल्य क्षेत्रका विद्यालयहरूमा प्रारम्भिक बालविकासदेखि नै थारू मातृभाषामा पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लागू गर्नुपर्ने ।
- विपन्न तथा जेहेन्दार थारू विद्यार्थीका लागि प्राविधिक तथा उच्च शिक्षामा विशेष छात्रवृत्तिको व्यवस्था गरी ड्रप-आउट (विद्यालय छाड्ने) दर घटाउनुपर्ने ।

### २. स्वास्थ्य सेवा र रैथाने उपचार पद्धतिको प्रबर्द्धन

- थारू समुदायमा बढी देखिएको 'सिकलसेल एनिमिया' र 'थालासेमिया' जस्ता वंशानुगत रोगको पहिचान, निःशुल्क परीक्षण र औषधोपचारको प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने ।
- थारू वैद्यहरूले प्रयोग गर्दै आएका परम्परागत प्राकृतिक औषधोपचार र रैथाने स्वास्थ्य ज्ञान प्रणालीलाई अभिलेखीकरण र कानुनी मान्यता दिनुपर्ने ।

### ३. सरकारी सेवामा जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व

- नेपालको कुल जनसंख्यामा थारू समुदायको हिस्सा करिब ६.६ प्रतिशत रहेको हुँदा संघीय र प्रादेशिक लोकसेवा आयोगका परीक्षाहरूमा सोही अनुपातमा छुट्टै क्लस्टर राखी समानुपातिक समावेशी कोटा सुनिश्चित गर्नुपर्ने ।
- सरकारी सेवा, सार्वजनिक संस्थान तथा राजनीतिक नियुक्तिहरूमा थारू समुदायको पहुँच बढाउन लक्षित तयारी कक्षाहरू सञ्चालन गर्नुपर्ने ।

### ४. रोजगारी, उद्यमशीलता र सीप विकास

- मुक्त कमैया, कमलहरी र भूमिहीन थारू परिवारका युवाहरूलाई बजारको माग अनुसारका नवप्रवर्तनकारी सीपमूलक र व्यावसायिक तालिमहरू प्रदान गर्नुपर्ने ।
- परम्परागत हस्तकला, बुनाइ र कृषिलाई आधुनिकीकरण गरी थारू युवाहरूलाई देशभित्रै स्वरोजगार बन्न बिना धितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने ।

### ५. परम्परागत शासन व्यवस्था (बरघर/भलमन्सा) को कानुनी सुदृढीकरण

- थारू समुदायको ऐतिहासिक र प्रथाजनित संस्था 'बरघर', 'भलमन्सा' वा 'मटावाँ' प्रणालीलाई स्थानीय विकास, न्यायिक सहजीकरण र सामाजिक एकताका लागि स्थानीय तह र प्रदेश सरकारमार्फत कानुनी मान्यता दिई व्यवस्थित गर्नुपर्ने ।

## ६. लक्षित जनचेतना तथा सामाजिक जागरण अभियान

- बालविवाह, दाइजो प्रथा र बोक्सी प्रथा जस्ता सामाजिक कुरीतिहरू विरुद्ध थारू बाहुल्य बस्तीहरूमा स्थानीय भाषामै सचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्नुपर्ने ।
- सरकारी सेवा, कानुनी अधिकार, र राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता तथा सुविधाहरूबारे तल्लो तहसम्म सूचना पुऱ्याउन स्थानीय सञ्चारमाध्यम (एफ.एम.रेडियो, स्थानीय भाषाका पत्रपत्रिका) को परिचालन गर्नुपर्ने ।

## ७. भूमि अधिकार र भूमिहीनताको समस्या समाधान

- ऐतिहासिक कालदेखि तराईमा बस्दै आए पनि भूमिमा स्वामित्व कमजोर रहेका सुकुम्वासी, भूमिहीन तथा साना थारू किसानहरूलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरणको प्रक्रियालाई छिटो र पारदर्शी बनाउनुपर्ने ।
- कृषिको व्यवसायीकरणका लागि सिँचाइ, मलखाद र आधुनिक कृषि औजारमा थारू समुदाय लक्षित विशेष अनुदानको व्यवस्था गर्नुपर्ने ।

## ८. थर सूचीकरण र पहिचानको संरक्षण

- थारू समुदायभित्र रहेका विभिन्न उप-थरहरूलाई स्पष्ट रूपमा अभिलेखीकरण र सूचीकरण गरी पहिचानमा आउने अन्योल र विवादहरू (जस्तैः मधेसी वा अन्य क्लस्टरसँगको दोहोरोपन) तत्काल अन्त्य गर्नुपर्ने ।
- थारू संस्कृति, लिपि, लोककला र इतिहासको सम्बर्द्धनका लागि छुट्टै सांस्कृतिक प्रतिष्ठान वा अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने ।

## ९. लक्षित बजेट र कार्यक्रमको प्रभावकारी अनुगमन

- स्थानीय, प्रादेशिक र संघीय सरकारले थारू समुदायको उत्थानका लागि विनियोजन गर्ने बजेट र लक्षित कार्यक्रमहरू लक्षित वर्गसम्म पुगे-नपुगेको नियमन गर्न सुदृढ अनुगमन संयन्त्र बनाउनुपर्ने ।
- लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा उपभोक्ता समिति वा टोल विकास समितिमा थारू समुदायकै अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने ।

## १०. छात्रवृत्ति वितरण प्रणालीको परिमार्जन र पहुँच

- विद्यालय तथा विश्वविद्यालय तहमा प्रदान गरिने आरक्षण र छात्रवृत्ति वितरण प्रक्रियालाई सरलीकृत गर्दै दुर्गम र अति विपन्न थारू परिवारका बालबालिकाले नै प्राथमिकता पाउने गरी लक्षित कार्यविधि परिमार्जन गर्नुपर्ने ।

# परिच्छेद - बाह्र

# आयोगको वार्षिक प्रगति विवरणः

## आर्थिक वर्ष २०८२/८३ को वार्षिक वित्तीय प्रगति विवरण

| बजेट उपशिर्षक नं. | बजेट उपशिर्षकको नाम | कुल बजेट रु. | खर्च रु. | वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २३२०००११३ (चालूतर्फ) | थारू आयोग | ३,३२,७५,३४१.०० | २९९१०९५६.४५ | ८९.८८९ | ३.३९ प्रतिशतले घटी |
| २३२००००१३ (चालूतर्फ) | थारू आयोग (पदाधिकारी) | ९३,३३,११७.०० | ६५३७६२७.६० | ७०.०४८ | |
| २३२०००११४ (पूँजीगततर्फ) | थारू आयोग | २२,००,०००.०० | २१,२७,९५१.०० | ९६.७२५ | |
| **जम्मा** | | **४,४८,०८,४५८.००** | **३,८४,६७,६१०.७८** | **८५.८५** | |

आ.व. ०८२/०८३ मा आयोगमा कुल बजेट रु ४,४८,०८,४५८।- (अक्षेरुपी चार करोड अड्चालिस लाख आठ हजार चार सय अन्ठाउन्न मात्र) विनियोजन भएकोमा चालुतर्फ रु ३,३२,७५,३४१।- (अक्षरुपी तीन करोड बत्तिस लाख पचहत्तर हजार तीन सय एकचालिस मात्र) विनियोजन भएकोमा जसमध्ये २,९९,१०,९५६.४५।- (अक्षरुपी दुई करोड उनान्सय लाख दश हजार नौ सय छप्पन्न र पैसा पैतालिस) खर्च भएको छ। चालू खर्चतर्फ कार्यालयको वित्तिय प्रगति ८९.८८९ प्रतिशत छ। त्यसैगरी चालु (पदाधिकारी) तर्फ रु ९३,३३,११७।- (अक्षरुपी तिरानब्बे लाख तेत्तिस हजार एक सय सत्र मात्र) विनियोजन भएकोमा रु ६५,३७,६२७.६०।- (अक्षरुपी पैसठ्ठी लाख सैतिस हजार छ सय सत्ताइस र पैसा साठी मात्र) खर्च भएको छ। चालू खर्च पदाधिकारी तर्फ वित्तिय प्रगति ७०.०४८ प्रतिशत छ। पूँजीगत तर्फ रु २२,००,०००।- (अक्षरुपी बाइस लाख मात्र) विनियोजन भएकोमा रु २१,२७,९५१।- (अक्षरुपी एक्काइस लाख सत्ताइस हजार नौ सय एकाउन्न मात्र) खर्च भएको छ। पूँजीगततर्फ वित्तीय प्रगति ९६.७२५ प्रतिशत छ। कुल खर्च रु ३,८४,६७,६१०.७८।- (अक्षरुपी तीन करोड चौरासी लाख सरसठ्ठी हजार छ सय दस र पैसा अठहत्तर मात्र) भएको देखिन्छ। कुल बजेटमा खर्च ८५.८५ प्रतिशत छ जुन आ.व. ०८१/०८२ को तुलनामा ३.३९ प्रतिशतले घटी हो।

## भौतिक सम्पत्ति विवरण

| सि.नं. | विवरण | थान | प्राप्त स्रोत |
|---|---|---|---|
| १ | कार | ६ | ५ वटा खरिद र १ वटा मन्त्रालयबाट प्राप्त |
| २ | जीप | १ | खरिद |
| ३ | मोटसाइकल | १० | खरिद |
| ४ | स्कुटर | ५ | खरिद |

# परिच्छेद - तेह्र

# थारू आयोगबाट हालसम्म भएका अध्ययन कार्यक्रमको विवरण

## क. आयोगबाट हालसम्म विभिन्न विषयमा भएका अध्ययन कार्यक्रमहरूको विवरण

१. थारू समुदायको चाडपर्व र रीतिरिवाज सम्बन्धी अध्ययन प्रतिवेदन

२. थारू समुदायको आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर

३. थारू समुदायको पहिरन (भेषभूषा-गरगहना)

४. थारू समुदायको बलिदानीको इतिहास सम्बन्धी अध्ययन कार्यक्रम

५. थारू चाडपर्व तथा रीतिरिवाज सम्बन्धी अध्ययन कार्यक्रम

६. मुक्त कमैया तथा कम्लहरीको अवस्था अध्ययन सम्बन्धी कार्यक्रम

७. थारू खाद्य परिकार सम्बन्धी अध्ययन कार्यक्रम

८. सिकलसेल एनिमिया तथा विटा थालासेमिया सम्बन्धी अध्ययन कार्यक्रम

९. थारू समावेशिताको अवस्था अध्ययन कार्यक्रम

१०. थारू लोक चित्रकला सम्बन्धी अध्ययन कार्यक्रम

११. थारू समुदायका ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको सूचीकरण

१२. थारू समुदायको इतिहास सम्बन्धी अध्ययन कार्यक्रम

१३. थारू समुदायको थर सूचीकरण कार्य सम्बन्धी कार्यक्रम

१४. थारू चित्रकला सम्बन्धमा अध्ययन अनुसन्धान कार्यक्रम

१५. थारू भाषा माननीकरण सम्बन्धी अध्ययन कार्यक्रम

१६. थारू समुदायसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा प्रथाजनित कानूनको अध्ययन

१७. थारू समुदायको समग्र स्थितिको अध्ययन भएको।

## ख. थारु आयोगबाट अध्ययन सम्पन्न भई प्रकाशन भएका प्रतिवेदन/अन्य प्रकाशनहरू

१. थारू समुदायको बलिदानीको इतिहास सम्बन्धी अध्ययन प्रतिवेदन

२. मुक्त कमैया तथा कम्लहरीको अवस्था अध्ययन प्रतिवेदन

३. थारू खाद्य परिकार सम्बन्धी अध्ययन प्रतिवेदन

४. सिकलसेल एनिमिया तथा विटा थालासेमिया सम्बन्धी अध्ययन प्रतिवेदन

५. थारू चित्रकला सम्बन्धमा अध्ययन अनुसन्धान प्रतिवेदन

६. थारू भाषा माननीकरण सम्बन्धी अध्ययन प्रतिवेदन

७. थारू आयोगको "स्मारिका २०७९"

८. थारू लोककथा सम्बन्धी पुस्तक "खिस्सा बट्कोही"

९. थारू भाषाको लोकगीत सम्बन्धी पुस्तक "थारू लोक गितके मोट्री"

१०. थारू समुदायको थर सूचीकरण सम्बन्धी प्रतिवेदन प्रकाशन तथा सिफारिस गरिएको

११. थारू समुदाय सम्बद्ध सम्पदाहरूको अध्ययन प्रतिवेदन

१२. सिकलसेल एनिमिया र विटा थालेसेमिया रोग सम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको।

१३. थारू आयोगको प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको

१४. थारू आयोग सम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशन भएको

# परिच्छेद – चौध

## सुशासन प्रवर्द्धन सम्बन्धी व्यवस्था

### क) सुशासन प्रवर्द्धनका लागि भएका प्रयासहरू:

- आयोगको वेबसाइट अद्यावधिक गरी महत्वपूर्ण सूचना तथा प्रकाशनहरू सार्वजनिक गर्ने गरिएको छ।
- आयोगको इमेल, फेसबुक सञ्चालन भएको छ। साथै टोल फ्री नम्वरको व्यवस्था भएको छ।
- प्रत्येक महिनाको १ गते नियमित रुपमा कर्मचारी बैठक बसी आयोगका कर्मचारीहरूको गुनासो, राय, प्रतिक्रिया लिने गरिएको छ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम प्रत्येक ३/३ महिनामा आयोगको गतिविधि वारेमा सूचना प्रकाशन गर्ने र आयोगसँग माग भएका सूचना समयमै उपलब्ध गराईएको छ।
- आयोगमा प्रवक्ता, सूचना अधिकारी र महिला फोकल पर्सन तोकिएको छ।
- सरोकारवालाका गुनासाहरू समयमै फछ्र्यौट गर्ने गरिएको छ।
- हेल्प डेस्कको व्यवस्था गरिएको छ।

### ख) उजुरी, गुनासो र सोको व्यवस्थापन:

आयोगमा आ.व. ०८२/८३ मा प्राप्त भएका उजुरी उपर आयोगमा छलफल गरी सम्वन्धित निकायमा आवश्यक कारवाहीको लागि पठाइएको छ।

# परिच्छेद – पन्ध्र

# आयोगका समस्या, चुनौती र सिफारिस एवम् सुझावहरू

## क) संवैधानिक, कानुनी तथा रणनीतिक समस्या तथा चुनौती:

- नेपालको संबिधान जारी भएको नौ वर्ष भएता पनि आदिबासी जनजाती थारू समुदायका मौलिक हक तथा अधिकारहरूको प्रभावकारी रुपमा कार्यान्वयन हुन बाँकी नै छ। संबिधानमा नै थारू समुदायलाई राज्यको मुलधारमा ल्याउन छुट्टै क्लस्टरको सुनिश्चतता गरिएको छ। थारू समुदायलाई राज्यको हरेक निकायमा समानुपातिक समाबेशी र सहभागितामुलक सिद्धान्त अनुसार आवश्यक पर्ने ऐन, कानुन, नियम बनाई सहभागिता गराउन सर्बोच्च अदालतले नेपाल सरकारको नाममा जारी गरेको परमादेश कार्यान्वयन नभएको अवस्थामा संबिधानले परिकल्पना गरेको समतामुलक समाजको स्थापना चुनौतीपूर्ण बनेको छ।

- थारू समुदायको हकहितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरण गर्नका लागि प्रभावकारी रुपमा योजना कार्यक्रम तथा बजेट तर्जुमा हुन सकेको छैन।

- प्रत्यक्ष लाभ हुने गरी केन्द्रिय बजेटमा सिकलसेल एनिमिया रोग ब्यवस्थापनको लागि छुट्टै अस्पतालहरूको स्थापना हुने भनिएकोमा सोको लागि बजेट विनियोजन नहुँदा अस्पतालहरू स्थापना हुने अवस्था देखिएको छैन। राज्यले स्पाइनल इन्ज्यूरी, पक्षघात, क्यान्सर तथा मृगौलाका दीर्घ रोगीलाई रु. ५,०००/- प्रति महिना निर्वाह खर्च दिने भनिएकोमा सिकलसेल एनिमिया रोग पनि अनुवांशिक दीर्घरोग हुँदाहुदै पनि निर्वाह खर्च पाउनबाट बञ्चित भएका छन्। यसबाट थारू समुदायका बिरामीहरू उपचारका लागि आफ्नो घर खेत समेत बेच्न बाध्य भएका छन्। आर्थिक विपन्नताले गर्दा यस समुदायका अधिकांश बिरामीहरूले असामयिक रुपमा ज्यान गुमाइरहेको अवस्था छ। नेपालमा सिकलसेल एनिमिया तथा थालासेमिया रोग थारू समुदायमा जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। तसर्थ नीतिगत रुपमा नै यो रोगको अध्ययन अनुसन्धान तथा प्रभावको छुट्टै अध्ययन हुन आवश्यक देखिन्छ। यो रोगको सामान्य रोकथाममा बाहेक अन्य कार्यक्रममा न्यून बजेट विनियोजन भएको देखिन्छ। विभिन्न तहले बजेट व्यवस्था गरेपनि नीति तथा कार्यक्रममा एकरुपता देखिएको छैन।

- प्रदेशस्तरमा थारू संग्रहालय र थारू होमस्टेका लागि मात्र बजेट व्यवस्था भएको देखिन्छ। केही स्थानीय तहमा विषयगत कानुनको रुपमा बरघर सम्बन्धी ऐन निर्माण भएता पनि अधिकांश स्थानीय तहमा थारू समुदायलाई लक्षित गरी नीति, योजना, कार्यक्रम बनाइएको छैन र पर्याप्त बजेट विनियोजन गरिएको छैन। पछिल्लो समयमा नेपालको संविधानले आर्थिक समानता र सामाजिक न्याय कायम गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्ने, थारू समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गर्न सक्ने, सामाजिक न्याय कायम गर्न थारू समुदायको समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक सुनिश्चित गर्ने भनिए पनि सो अनुसारको नीति, कानून, योजना तथा बजेटको व्यवस्था हुन सकेको देखिँदैन। संघीय निजामती सेवा ऐन हालसम्म आउन सकेको छैन। यसले थारू समुदायको राज्यमा समग्र समावेशिता माथि प्रभाव परिरहेको छ। प्रदेशहरूमा निजामती सेवा ऐन जारी भएपनि थारू समुदायका लागि संविधानमा उल्लेख भए बमोजिम सार्वजनिक सेवामा छुट्टै क्लस्टर अनुसारको आरक्षणको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। शैक्षिक छात्रबृत्ति र राजनीतिक नियुक्ति प्रक्रियामा समानुपातिक समावेशीकरणको नीति पूर्ण रुपमा अवलम्वन गरेको देखिएको छैन।

- संसदीय शासन प्रणाली अवलम्बन गरेका प्रायः मुलुकमा संवैधानिक अंगहरूको व्यवस्था गरिएको हुन्छ। नेपालका १३ वटा संवैधानिक आयोगहरू मध्ये थारू आयोग पनि एक हो। केही आयोगहरूको कार्य क्षेत्र संवैधानिक रुपमा नै व्यवस्था गरिएको भएता पनि थारू आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था थारू आयोग ऐन, २०७४ ले गरेको छ। यस आयोगमा विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था रहेकोमा राजपत्रांकित प्रथम श्रेणीको सचिव रहने गरी संशोधन भएको छ। उक्त ऐनको विभिन्न प्रावधान संशोधन हुँदा आयोगको राय परामर्श लिने कार्य भएन। यसले गर्दा आगामी दिनमा अझै पनि आयोगको कार्य सम्पादनमा जटिलता थपिने देखिन्छ।
- थारू आयोग ऐन, २०७४ को प्रस्तावनाले थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्धन तथा थारू समुदायको सशक्तीकरण गर्ने उद्देश्य राखेको छ। ऐनको दफा ७(ड) को काम, कर्तव्य र अधिकारमा थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने अधिकारको व्यवस्था भएको छ। छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने मात्र अधिकार हुँदा आयोगमा सो सम्बन्धी कम मात्रामा उजुरी प्राप्त हुन आएका छन्।
- थारू समुदायको सशक्तीकरण गर्न सीप विकास तथा क्षमता विकास कार्यक्रममा बजेट विनियोजनले प्राथमिकता पाउन सकेको छैन। संघ, प्रदेश र स्थानीय तहको बजेटमा थारू समुदायको क्षमता विकास तथा सशक्तीकरणमा लक्षित कार्यक्रम तथा बजेट व्यवस्थाका लागि प्राथमिकता दिईएको छैन। थारू समुदायको आयोगसँगको अपेक्षा असीमित छन्। न्यायिक र राजनीतिक विषयका सम्बन्धमा समेत आयोगबाट निकास खोजिएको छ।
- थारू समुदायको खण्डीकृत तथ्यांकको अभाव छ। राज्यको अंगमा सहभागिताको अवस्था, मानव विकास प्रतिवेदन, वेरोजगारीको अवस्था, गरिबीको अवस्था आदिको स्पष्ट अभिलेख छैन। यसले गर्दा तथ्यमा आधारित नीति बनाउन र कार्यान्वयनमा जटिलता थपिएको छ।
- थारू समुदायमा रहेको बरघर, भल्मन्सा, गरामति, महतावाँ जस्ता प्रथाले स्थानीय तहमा न्यायिक निरुपण तथा दैनिक सामाजिक कार्यसम्पादनको मुख्य जिम्मेवारी निर्वाह गर्दै आएका छन्। नेपाल सरकारले क्षेइ-१६९ अभिसन्धिमा प्रतिबद्धता जनाएको भएतापनि हालसम्म यस प्रकारको प्रथालाई केही स्थानीय तहले मात्र कार्यान्वयन गरेको अवस्था छ। संघ र प्रदेशमा ऐन निर्माण हुन नसक्दा स्थानीय तहबाट जारी भएका ऐनहरूमा एकरुपताको अभाव खट्कीएको छ।
- धारा ५१ मा राज्यका नीति अन्तर्गत खण्ड (ग) को (७) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीतिमा बहुभाषिक नीति अवलम्बनको कुरा उठाएता पनि कार्यान्वयनमा आउन सकेको छैन।

## ख) संस्थागत समस्या तथा चुनौती:

- थारू आयोग ऐन, २०७४ को दफा १२ को उपदफा २ ले आवश्यकतानुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। थारू बाहुल्य क्षेत्रमा आयोगको सम्पर्क कार्यालय नहुँदा समुदाय र जनताको नजिकका सरकारहरूसँग निकट सम्पर्कमा रही थारू समुदायका यथार्थ समस्या पहिचान तथा समाधान गर्न कठिनाई भएको छ।
- विगतमा भएको दरबन्दीलाई व्यापक कटौती गरी संकुचित गरिएको छ जसका कारण कार्यसम्पादनमा असहजता भएको छ।
- ऐन संशोधन गरी विशिष्ट श्रेणीको सचिवको सट्टामा राजपत्रांकित प्रथम श्रेणीको सचिवको व्यवस्था गरिएको छ। यसवाट अन्य संघीय तथा प्रादेशिक मन्त्रालयसँग समन्वय गर्न व्यवहारिक रुपमा असहजता भएको छ।

- थारू आयोग ऐन, २०७४ ले आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालय संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय लाई तोकेको छ। यसबाट नेपाल सरकारसँग छिटो छरितो सम्पर्क गर्न र विषयवस्तु बुझाईको गाम्भिर्यतामा असर परेको छ।

## ग) स्रोत साधनगत समस्या तथा चुनौती:

- थारू आयोग ऐनको उद्देश्य समुदायको विविध पक्षका बारेमा अध्ययन अनुसन्धान गर्ने रहेको छ। सीमित स्रोत, साधन तथा दक्ष जनशक्ति अभावका कारण अध्ययन अनुसन्धानमा व्यापकता दिन सकिएको छैन।
- समग्र थारू समुदायले आयोगबाट ठूलो सहयोगको अपेक्षा राखेको छ। आयोगबाट प्रत्यक्ष आर्थिक सहयोग र कार्यक्रमगत सहयोग आदिको माग अत्याधिक हुने गरेको छ। आयोगको कार्य प्रकृतिका कारण त्यस्ता मागहरू सम्बोधन गर्न सकिएको छैन।
- थारू बाहुल्य सबै स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र नीति तर्जुमा गर्नु पूर्व समुदायमा छलफल गराउन माग गरेको सन्दर्भमा सीमित स्रोतबाट क्षेत्रगत प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको छ।
- श्रोत साधनको कमी भइ वहुवर्षिय कार्यक्रम निर्माण गर्न नसक्दा इतिहास भाषा, संस्कृति सम्वन्धि अध्ययन कार्य प्रभावकारी वन्न सकेको छैन।

## घ) समुदायगत समस्या तथा चुनौती:

- आदिबासी थारू समुदाय राज्यको हरेक निकायमा बञ्चितीकरणको अवस्था, टिकापुरमा भएको राजनैतिक घटनाको अवस्था तथा प्रभाव, मानव बिकास सूचकांकमा पछाडी परेको अवस्था, राजनैतिक, सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पछाडी रहेको अवस्था विद्यमान रहेको छ।
- थरुहट/थारूवान संयुक्त आन्दोलन पश्चात थारू समुदायको हक हित अधिकारसँग जोडिएका माग तथा मुद्दाहरूलाई सम्बोधन गर्न नेपाल सरकार र थारू कल्याणकारीणी सभा तथा थरुहट/थारूवान संयुक्त संघर्ष समिति बीच भएका सहमति कार्यान्वयनको सवालमा सकारात्मक पहलकदमी हुन सकेको छैन।
- थारू आयोग ऐन २०७४ अनुसार थारू आयोगको अधिकांश काम, कर्तव्य र अधिकार नेपाल सरकारलाई सुझाव दिने र सिफारिश गर्ने रहेको छ। यस आयोगले गरेको सिफारिसहरूको कार्यान्वयन पक्ष कमजोर भएकोले थारू समुदायका समस्याहरू यथावत् नै रहेका छन्।
- नेपाल सरकारले वि.सं.२०५७ सालमै कमैया मुक्तिको घोषणा गरेको भए पनि पुनःस्थापनाको कार्यले पूर्णता पाउन सकेको छैन। कतिपय कमैया र कम्लहरीहरूले परिचयपत्र प्राप्त गर्न नसकेको, कतिपय कमैयाले जग्गा प्राप्त गर्न नसकेको, कतिपयले प्राप्त भएको जग्गा उपभोग गर्न नसकेको देखिन्छ। आफ्नो स्वामित्वका घर घडेरी तोकिएको समयावधि सकिए पश्चात पनि बेचविखन तथा धितो राख्न सक्ने अवस्था नरहेको हुदाँ आर्थिक कृयाकलापमा नकारात्मक प्रभाव परेको देखिन्छ। अध्ययन, छात्रवृत्ति, सीपमूलक तालिम र रोजगारीको व्यवस्था पनि हुन नसकेको अवस्था विद्यमान रहेको देखिन्छ।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र आयोगबिच थारू समुदायका लागि सञ्चालित कार्यक्रमहरूमा समन्वय हुन सकेको छैन। साथै यस समुदायको उत्थान गर्ने विषयले प्राथमिकता पाउन सकेको देखिँदैन। आफ्नो समूदायको हक हितको लागि माग तथा दवाव सृजना गर्ने सवालमा यस समुदायको उपस्थिति तुलनात्मक रुपमा कमजोर देखिन्छ।

- थारू समुदायसँग सम्बन्धित ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक सम्पदाहरूको उत्खनन्, संरक्षण, सम्बर्द्धन तथा विकास गर्नका लागि राज्यको ध्यान पुग्न सकेको देखिदैन। फलस्वरुप ती सम्पदाहरूको अतिक्रमण हुन गई लोप हुन सक्ने चुनौती रहेको छ।
- सिकलसेल तथा विटा थालासेमिया रोग थारू समुदायमा जनस्वास्थ्य समस्याकै रुपमा देखिएकोमा राज्यले रोगको निदान, उपचार र रोकथाममा उचित ध्यान नदिएसम्म यसले समुदायको समृद्धि र सशक्तिकरणमा नराम्रो प्रभाव पार्ने देखिन्छ।

## ङ) आयोगको सुझाव तथा सिफारिश

१. सामाजिक समावेशिता अन्तर्गत थारू समुदायको अलग क्लस्टरको व्यवस्थाका लागि थारू समुदायको ठूलो अपेक्षा, थारू कल्याणकारी सभाद्वारा गरिएको मुद्दा र त्यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतवाट मिति २०७९ माघ २४ गते पूर्णपाठ आएको ९ महिना भित्र थारू लगायतको क्लस्टर निर्धारण गरी आ.व. २०७९/८० को क्षतिपूर्ति समेतको व्यवस्था गर्न भनी भएको आदेशको वावजुद पूर्णपाठ आएको २ वर्षभन्दा वढी समय बितिसक्दा पनि संघीय निजामती सेवा ऐन संवैधानिक व्यवस्था अनुसार जारी हुन नसक्नुले संघ र प्रदेशका विभिन्न निकाय/क्षेत्रका सेवा सम्बन्धी ऐनहरू निर्माण कार्य प्रभावित भएको र बनेका ऐनहरू कार्यान्वयन गर्ने कार्य पनि चुनौतीपूर्ण भइरहेको हुँदा समग्र थारू समुदायमा नेपाल सरकार र राज्यप्रति नकारात्मक सन्देश प्रवाह भइरहेको छ। त्यसकारण संघीय निजामती सेवा ऐन यथासीघ्र सदनबाट पास गरी थारू लगायतका समुदायको जनसंख्याको आधारमा क्लस्टर लागू गरिनु पर्दछ।

२. न्यायाधीश,राजदूत, विशेष प्रतिनिधि तथा संवैधानिक अंग र निकायहरूमा नियुक्ति गर्दा समावेशिता सिद्धान्त बमोजिम नभएकाले यस सम्बन्धमा नेपाल सरकारको गम्भिर ध्यान जान जरुरी छ।

३. थारू आयोगले आफ्नो काम कर्तव्य र अधिकार अनुसार मुख्यतः थारू समुदायको हकहितको संरक्षण र सम्बर्द्धन गर्न अध्ययन अनुसन्धान एंव समुदायको सशक्तीकरणको साथै नीतिगत विषयमा सिफारिसहरू गरिरहेको छ तर सिफारिसको सन्दर्भमा समावेशी कोटामा थारू भनी व्यक्ति पहिचान गर्नलाई समेत चिकित्सा शिक्षा आयोग र काठमान्डौं महानगरपालिकाले प्रकाशन गरेको सूचनामा थारू लगायतका सम्बन्धित आयोगहरूलाई सिफारिस गर्न भनिएकोमा यसप्रकारको सिफारिस संवैधानिक निकायवाट नभई सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयहरूबाट नै गर्नुपर्ने देखिन्छ। यसले व्यक्ति पहिचानमा स्पष्टता र सिफारिसमा एकरुपता कायम भई समावेशिता कार्यान्वयनमा सहजता प्रदान गर्नेछ। यस सम्बन्धमा सम्पूर्ण तहका सरकार र निकायमा नेपाल सरकारबाट पत्राचार हुन जरुरी छ।

४. थारू समुदायको इतिहास, संस्कृति तथा परम्परागत ज्ञानसँग सम्बन्धित रहेका पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन गर्नका लागि निम्न कार्य गर्न आवश्यक देखिन्छ।

   - सम्पूर्ण सम्पदाहरूको लगत संकलन गर्ने।
   - सम्पदाहरूले चर्चेको जमिनलाई सम्बन्धित सम्पदाको नाममा भोगाधिकार कायम गर्ने।
   - सम्पदाको क्षेत्रमा निर्माण कार्य गर्दा परम्परागत मौलिक शैलीलाई कायम राखि राख्ने। मौलिकता एंव ऐतिहासिक तथ्यलाई तोडमोड हुने गरी हस्तक्षेप रोक्ने।
   - सम्पदाहरूको परम्परागत नामाकरणको साथै ऐतिहासिक तथ्यहरूको अभिलेखन गरी सुरक्षित राख्ने।
   - पुरातात्विक, ऐतिहासिक स्थलहरूको यथासीघ्र उत्खनन गरी शुक्ष्म अध्ययन अनुसन्धान गर्ने जसअन्तर्गत बर्दियाको कर्ने राजाको दरवारक्षेत्र, कंचनपुरको ईटाहा बाबा मन्दिर क्षेत्र, मोरङको धनपालगढी आदिको तत्काल उत्खनन कार्य अगाडी बढाउनुपर्ने देखिन्छ।

५. स्वर्गद्वारी गुठी अन्तर्गत रहेका दाङ जिल्लाका किसानहरूको मोही सम्वन्धि समस्यालाई सम्वोधन गर्न संविधानको धारा ५१ (ङ) (१) मा भएको व्यवस्थालाई मध्यनजर गर्दै यथासिघ्र किसानहरूलाई मोहीको हक कायम गरिदिनु पर्दछ।

६. राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र आसपासका जनसमुदायमा जंगली जनावरबाट जनधनको क्षति र त्रास निरन्तर वढीरहेको अवस्था छ। मानव वन्यजन्तु वीचको द्वन्दको विस्तार वढ्दै जाँदा निकुञ्ज तथा वन विभागसँग समुदायको दुरी समेत बढ्दै जाने देखिन्छ। यस सम्बन्धमा वन्यजन्तुवाट सुरक्षाको राम्रो प्रवन्ध गर्न र संरक्षणको सन्दर्भमा विभिन्न उपायहरू खोज्न आवश्यक रहेको छ।

७. बर्दिया राष्ट्रिय निकुञ्ज अन्तर्गत गेरुवा नदीले मानव वस्ती भएको क्षेत्र कटान गर्दै जाँदा निकुञ्ज क्षेत्र कायम गर्दै लगिएकोले जमिनको उपभोग गर्नवाट सम्बन्धित जनसमुदाय वञ्चित भइरहेको अवस्था छ। यस सम्वन्धमा आवश्यक अध्ययन गरी सम्बन्धित व्यक्तिले जमिन उपभोग गर्न पाउने व्यवस्था गर्न वा अन्य आवश्यक विकल्प सहितको समाधान खोजिनुपर्दछ।

८. थारू आयोगबाट भइरहेको अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा श्रोत साधनको कमी तथा एकवर्ष भित्र प्रतिवेदन प्राप्त गर्नुपर्ने व्यवस्थाले गहन रुपमा अध्ययन गरी/गराइ प्रतिवेदन स्वीकार गर्ने वातावरण वन्न सकिरहेको छैन। सार्वजनिक खरिद सम्बन्धि ऐन/नियमावलीले २ करोड भन्दा माथिको कार्यक्रममात्र वहुवर्षिय कार्यक्रम भनेकोमा इतिहास, परम्परा, भाषा, संस्कृति लगायत पहिचानसँग जोडिएका अध्ययन अनुसन्धानमा कम रकमको कार्यक्रमलाई पनि वहुवर्षिय कार्यक्रम बनाउने व्यवस्था गर्न उपर्युक्त देखिन्छ।

९. थारू आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयनको अवस्था अत्यन्त न्यून रहेकोले थारू समुदायको समग्र सरकार र राज्य प्रति सकारात्मक धारणा बन्न नसकिरहेको तथा आयोग प्रति नै अविश्वासको वातावरण बन्दै गइरहेको अवस्था छ। त्यसकारण नेपाल सरकारले आयोगका सिफारिसहरूलाई गम्भिरतापूर्वक लिइ चाँडो भन्दा चाँडो कार्यान्वयनमा ल्याउनु पर्दछ।

१०. संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, कानून, कार्यविधि, योजना र कार्यक्रम तथा बजेटमा थारू समुदायलाई प्राथमिकतामा राखी तीनै तहबाट आन्तरिकीकरण गर्न र आवश्यकताको सम्बोधन गर्न आवश्यक छ।

११. सिकलसेल एनेमिया र विटा थालासेमिया रोगको पहिचान, रोकथाम तथा उपचारका सम्बन्धमा एकिकृत कार्यविधि बनाई संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुन्छ। सो सम्बन्धी कुनै कार्यक्रम, अध्ययन, अनुसन्धानको कार्य गराउनु पूर्व यस आयोगसँग समन्वय गरि कार्य गर्न उपयुक्त हुन्छ।

१२. थारू समुदाय मुख्यतः परम्परागत कृषि पेशा भन्दा माथि उठ्न नसकिरहेको अवस्थामा संघ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा थारू समुदाय लक्षित क्षमता विकास तथा सशक्तीकरणका लागि प्राथमिकता दिन आवश्यक छ। सीपमुलक तालिम पश्चात स्वरोजगारका लागि आवश्यक उपकरण तथा विउपुँजी (क्भभम ःयलभथ) को व्यवस्था गरिनुपर्दछ। यसले गर्दा रोजगारी सिर्जना भई गरिबी घट्न जाने र मानव विकास सूचकाङ्कमा सुधार हुनेछ।

१३. थारू बाहुल्य क्षेत्रमा आयोगको सम्पर्क कार्यालय नहुँदा समुदाय र जनताको नजिकका सरकारहरूसँग निकट सम्पर्कमा रही थारू समुदायका यथार्थ समस्याहरू बुझी समस्या समाधान गर्न कठिनाई भएकोले हाललाई कोशी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा कार्यालय स्थापना गर्न आवश्यक रहेको छ।

१४. आयोगको दरबन्दी कटौती भई कार्यसम्पादनमा असहजता भएको हुँदा साविक बमोजिमकै कर्मचारी दरबन्दी कायम हुनु आवश्यक छ साथै एक जना कानुन अधिकृतको दरबन्दी सृजना हुन अति आवश्यक रहेको छ।

१५. राजपत्रांकित प्रथम श्रेणीको सचिवको सट्टामा विशिष्ट श्रेणीको सचिवको व्यवस्था हुनुपर्दछ।

१६. थारू आयोग ऐन, २०७४ मा संशोधन गरी आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालय तोक्नु आवश्यक छ।

१७. बजेट विनियोजन गर्दा थारू समुदायका विविध पक्षको अध्ययन, अनुसन्धानका लागि पर्याप्त बजेट विनियोजन हुन आवश्यक छ।

१८. थारू समुदायसँगको छलफल, अन्तर्क्रिया, गोष्ठी, सम्मेलनका साथै चेतनामूलक र सशक्तीकरणका लागि बजेट तथा कार्यक्रम तर्जुमा, स्विकृती एवं सञ्चालन गर्ने स्वायत्त अधिकार आयोगलाई नै दिनुपर्दछ। यसका लागि एकमुष्ट बजेट विनियोजन हुनु आवश्यक छ।

१९. मुक्त कमैया पुनर्स्थापनाको बाँकी कार्य सम्पन्न गर्न तीनै तहका सरकारहरूको एकिकृत प्रयास हुन आवश्यक छ। अझैपनि कमैयाका समस्याहरूमा पुनर्स्थापनाको काम बाँकी रहेको, प्राप्त जमिन बगर तथा नदी कटान, जमिन अन्यले अगोटेको कारण उपभोग गर्न नपाएको, धितो राख्नको लागि जमिन फुकुवा नगरिएको जस्ता समस्याहरू देखिएको हुनाले यस विषयमा नेपाल सरकारको तत्काल ध्यान जान जरुरी रहेको छ।

२०. कम्लहरी मुक्तिको १३ वर्ष बितिसक्दा पनि अधिकांश कम्लहरीले परिचयपत्र पाउन नसकेको, अभिभावक विहिन कम्लहरी अलपत्र अवस्थामा रहेको, अध्ययनरत कम्लहरीहरूले सरकारले घोषणा गरेको छात्रवृति पाउन नसकेको, छात्रवृति पाए पनि रकम अत्यन्त न्यून रहेको, हत्या वेपता तथा यौन हिंसामा परेका कम्लहरी एंव परिवारले न्याय पाउन नसकेका जस्ता समस्या बारे सरकारबाट कुनै ठोस पहलकदमी हुन सकेको देखिदैन्। त्यसकारण कम्लहरी समस्याका सम्बन्धमा नेपाल सरकारलाई निम्न अनुसार सिफारिस गरिएको छ।

क) सरकारबाट तत्काल परिचय-पत्र वितरण गर्ने र कम्लहरी समस्या बारे अपनत्व लिने,

ख) अभिभावकविहिन कम्लहरीको तत्कालै बसोबासको व्यवस्थापन गर्ने,

ग) अध्ययनरत छात्राहरूलाई पर्याप्त छात्रवृतिको व्यवस्था गर्ने,

घ) हत्या, वेपता र यौन हिंसामा परेका कम्लहरीहरू एवम् तिनका परिवारहरूलाई न्याय दिलाउने,

ङ) सम्पूर्ण कम्लहरीहरूलाई सीपमूलक तालिम सहित रोजगारीको व्यवस्था गर्ने

२१. मुक्त कमैया तथा कम्लहरीहरूका समस्या समाधानका लागि विगतमा कमैया कम्लहरीहरू र राज्यका बीचमा भएका सम्झौताहरू कार्यान्यिवन गर्नुपर्ने र नेपाल सरकार, भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भएको "मुक्त कमैया, कम्लहरी, हलिया र हरवा चरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८ सुझाव तथा सिफारिसलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउनुपर्दछ।

२२. विभिन्न समयमा भएका थरुहट/थारूवान संयुक्त आन्दोलन र अन्य थारू सम्बद्ध आन्दोलनमा सरकारसँग भएका सहमति सम्झौताहरूको कार्यान्वयन हुनुपर्छ।

२३. नेपालको संविधानको धारा ५६ को उपधारा ५ बमोजिम थारू समुदायको सामाजिक, सांस्कृतिक संरक्षण तथा आर्थिक विकासका लागि थारूवान/थरुहट विशेष संरक्षित क्षेत्र वा स्वायत्त क्षेत्र घोषणा गरी कार्यान्वयन गर्नुपर्दछ।

# अनुसूची – १

## आ.ब. २०८२/८३ मा थारू आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको विवरण

| सि.नं. | नाम, थर | पद | सम्पर्क नं. | टेलिफोन नं. |
|---|---|---|---|---|
| १ | मा. सुबोधसिंह थारू | का.वा.अध्यक्ष | ९८५१३१३८१८ | ०१५७०५०८४ |
| २ | मा.भोलाराम चौधरी | सदस्य | ९८५१३१४११८ | ०१५७०५१९१ |
| ३ | मा. शान्ती मोदी | सदस्य | ९८५१३१७२८१ | ०१५९०८३७१ |
| ४ | श्री रुद्र प्रसाद लामिछाने | सचिव | ९८५१२१६८७९ | ०१५७०५११९ |
| ५ | श्री अन्जु सिंह केसी | उपसचिव | ९८४१२९७१४९ | ०१५७०५०८७ |
| ६ | श्री धर्म बहादुर थारू | शाखा अधिकृत | ९८४८०६३८१५ | ०१५७०५०८७ |
| ७ | श्री उदय राज भट्टराई | शाखा अधिकृत | ९८५१३१७२८२ | ०१५७०५२९२ |
| ८ | श्री प्रमोद बहादुर चन | शाखा अधिकृत | ९८५११३२९५८ | |
| ९ | श्री साधना वली | नायव सुव्वा | ९८६६८५४४११ | ०१५७०५०९७ |
| १० | श्री फणिन्द्रशंकर घिमिरे | नायव सुव्वा | ९८४४०२००६९ | ०१५७०५०९७ |
| ११ | सुदिप तिवारी | लेखापाल | ९८५१२१२७१५ | ०१५७०५०९७ |
| १२ | श्री पार्वती कुमारी नेपाल | क.अ. | ९८४१७१८०६४ | ०१५७०५०९७ |
| १३ | श्री गोमाकुमारी चौधरी | निजी सहायक | ९८०६२८५१६२ | ०१५७०५०८४ |
| १४ | श्री युवराज चौधरी | निजी सहायक | ९८०७०८२५०७ | ०१५७०५१९१ |
| १५ | श्री गीता चौधरी | निजी सहायक | ९८०२९१०७३६ | ०१५९०८३७१ |
| १६ | श्री कुमार ढुंगाना | ह.स.चा. | ९८४३२८३८०५ | |
| १७ | श्री राजन कुमार चौधरी | ह.स.चा. | ९८२२५६९९६२ | |
| १८ | श्री दिर्ग बहादुर तामाङ | ह.स.चा. | ९८४१५७३६७४ | |
| १९ | श्री रविन चौधरी | ह.स.चा. | ९८१८३९०४१२ | |
| २० | श्री शिशिर थारू | ह.स.चा. | ९८६१७१३३०१ | |
| २१ | श्री दिपेन्द्र चौधरी | का.स. | ९८४११५१०४० | |
| २२ | श्री सरिता कार्की | का.स. | ९८४३०२१३८२ | |
| २३ | श्री शान्त रत्न चौधरी | का.स. | ९८४०७५१०७८ | |
| २४ | श्री गणेश कुमारी चौधरी | का.स. | ९८४०४२२४५२ | |
| २५ | श्री कुशुम कुमारी चौधरी | का.स. | ९८६७७६११०३ | |

# अनुसूची - २

## संविधान संशोधनका लागि गरिएका सिफारिस तथा सुझावहरू

संविधान संशोधनको लागि सुझाव पेश गर्न गठित कार्यदलले पेश गरेका सुझावहरूलाई आधार मानी देहायका सुझावहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल - २०८२' को सचिवालयमा पठाइएका सुझावहरू।

नेपालको संविधानले बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात्‌गरी विविधता बीच एकता, सामाजिक सांस्कृतिक एक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारको जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

थारू आयोग नेपाल

तद्अनुरुप नेपालको संविधानमा देहाय बमोजिम संशोधनका लागि देहायका सुझावहरु प्रस्तुत गरिएको छ।

| क.सं. | कुन धारासँग सम्बन्धित | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | कारण सैद्धान्तिक / व्यवहारिक |
|---|---|---|---|---|
| | ७(२) | नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ। | नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र १ प्रतिशत भन्दा बढी जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ। | मातृभाषाहरुलाई प्रोत्साहन र संरक्षण गर्नुपर्ने भएकोले |
| | ३१ (१) | (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। | (१) प्रत्येक नागरिकलाई माध्यमिक शिक्षामा पहुँचको हक हुनेछ। | शैक्षिक बेरोजगारको संख्या अत्याधिक वृद्धि भै अराजकता बढेको अवस्था |
| | ३१(२) | प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। | प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ। | |
| | ३२ (३) | नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ। | नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ। यसलाई राज्यले संरक्षण र संवर्धनको व्यवस्था गर्ने छ। | राज्य जिम्मेवारीबाट पछि हटेको अवस्था छ। |
| | ३५ | स्वास्थ्य सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। | (५) सम्पूर्ण नेपाली नागरिकको अनिवार्य स्वास्थ्य बिमाको व्यवस्था हुने छ।<br>(६) थारु जातिमा देखिएको सिक्कल सेल एनिमिया तथा विटा थालासेमिया रोगको नियन्त्रण र निशुल्क उपचारको व्यवस्था गरिनु पर्ने। | स्वास्थ्य समस्याले आर्थिक क्षतिसँगसँगै सामाजिक, मानसिक र सांस्कृतिक विकृतीको वृद्धि भैरहेको छ।<br>थारु जातिको वंशमा |
| | ३९ | बालबालिकाको हक : | उपधारा थप गरी आधारभूत तहसम्म मातृभाषामा अनिवार्य शिक्षा पाउने हक हुने छ | व्यवहारिक बनाउनु पर्ने |
| | ४२ | (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, | पूर्ण समानुपातिक सिद्धान्तका आधारमा राज्यको | वर्तमान संविधान कार्यान्वयन भएको १० |

| | | | | |
|---|---|---|---|---|
| | | आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई **समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।** | हरेक निकायमा थारु लगायत उत्पीडित जातिको सहभागिताको हक हुने छ। | वर्ष वितिसक्दा पनि थारुको हकमा कार्यान्वयन नभएको अवस्था। सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७८-WO-०६६० उत्प्रेषण परमादेश फैसला आदेश मिति २०७९।१०।२४ ले क्षतिपूर्ति सहितको व्यवस्था मिलाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत उपर परमादेश जारी भएको छ। |
| | ४७ | मौलिक हकको कार्यान्वयन: | यो संविधान संशोधन भएको ६ महिनाभित्र कानून बनाइ अनिवार्य लागु गर्नुपर्ने छ। | सैद्धान्तिक मात्र भयो व्यवहारिक हुनु पर्ने |
| | ४८ | प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन् | नैतिकवान नागरिक बनाउन विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास हुने नैतिक शिक्षा लागु गरिने छ। | अधिकार मात्र खोज्ने जिम्मेवारी बोध नगर्ने नागरिक वृद्धि भएकोले |
| | ५१ | उपदफा थप गर्नुपर्ने | प्राकृतिक स्रोत साधनको स्रोत संरक्षण, संवर्धन र उपयोगमा **मूल थारु आदिवासी जनजाति तथा प्रथम नागरिकको प्राथमिकता हुने छ।** | सैद्धान्तिक र व्यवहारिक |
| | ५१(च) | (८) जनसांख्यिक तथ्याकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने। | जनसांख्यिक तथ्यांक **यथार्थपरक** रुपमा अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने। | वास्तविक तथ्याङ्क नआएको हुनाले |
| | ५१ (छ) | प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति: | थप गर्नुपर्ने (१०) मूल थारु आदिवासी जनजाति लगायतलाई प्राकृतिक श्रोत साधनमा प्राथमिक अधिकारको व्यवस्था गर्ने।<br>(११) राष्ट्रिय निकुञ्ज , आरक्ष, संरक्षित क्षेत्रबाट पिडित समुदायले आफ्नो धनजनको सुरक्षा गर्ने क्रममा कुनैपनि वन्यजन्तुको क्षति हुन गएमा सो समुदाय उपर कानून बनाइ विशेषाधिकारका रुपमा सुरक्षाको प्रत्याभुति गराउने | जनावरले मानिस मार्न हुने र मानिसले आफ्नो बचाउ पनि गर्न नपाउने वर्तमान कानूनी व्यवस्था भएको कारण |
| | ५१(ञ) | १० मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, | (ञ) १० **मूल** थारु आदिवासी जनजाति, मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने, | मधेशी र मुस्लिम समुदाय भन्दा **थारु जाति आर्थिक, शैक्षिक, राजनीतिक** पक्षमा अझ पछि परेको हुनाले नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्न अझ आवश्यक छ। |
| | ५१(ञ)(१३) | स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने र खेलकुदलाई | स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने | खेलाडीहरु हिनताबोध भै विदेश पलायन भैरहेको अवस्था भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने, | र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने **साथै खेलाडीहरुलाई विशेष सेवा सुविधा व्यवस्था गर्ने** | |
| | ५६(५) | संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ । | (५) संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि **अनिवार्य रुपमा** विशेष, संरक्षित र स्वायत्त क्षेत्र **कायम गरिनेछ ।** | मूल आदिवासी थारु जातिको सांस्कृतिक ह्रास तिव्र भएकोले संरक्षण तथा सम्वर्द्धन गर्न जरुरी भएकोले । |
| | ७० | राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने : यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । | राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने : यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक लिंग, **एउटै समुदाय तथा जातिबाट नदोहोरिने गरी** प्रतिनिधित्व हुनुपर्ने छ । | न्यायपूर्ण / व्यवहारिक / समावेशी र सहभागितामूलक हुनुपर्ने । बारम्बार एकै समुदाय मात्र दोहोरिँदै आएको हुनाले । |
| | ७६ (९) | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद गठन गर्नेछ । | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट **समानुपातिक** समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा **पन्ध्र** जना मन्त्री रहने गरी मन्त्रिपरिषद गठन गर्नेछ । | सैद्धान्तिक र व्यवहारिक |
| | ८४ (१) | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ । | **(२) पूर्ण समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलन साथै प्राथमिकता क्रम तल्लो कलष्टरबाट प्रतिनिधित्व गर्नु पर्नेछ ।** | सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने वान्छनिय रहेकोले |
| | ८७ | सदस्यका लागि योग्यता : (१) देहायको योग्यता भएको व्यक्ति संघीय संसदको सदस्य हुन योग्य हुनेछ :- | **कुनैपनि विषयमा कम्तिमा स्नातक उपाधी हाँसिल गरेको हुनुपर्ने संघीय संसद, प्रदेश तथा स्थानीय तहको उक्त कार्यकालको लागि भएको निर्वाचनमा पराजित नभएको** | सैद्धान्तिक तथा व्यवहारिक |
| | ९१(२) | उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रतिनिधि सभाको सभामुख र उपसभामुख | उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रतिनिधि सभाको | सैद्धान्तिक तथा व्यवहारिक |

| | | | | |
|---|---|---|---|---|
| | | फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । तर प्रतिनिधि सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य प्रतिनिधि सभाको सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन । | सभामुख र उपसभामुख फरक फरक दलको तर पटक पटक एउटै जाति तथा समुदायबाट नदोहोरिने गरी प्रतिनिधित्व हुनु पर्नेछ । | |
| | ९७ (२) | संघीय संसदको दुई सदनका बीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ । त्यस्तो संयुक्त समितिमा प्रतिनिधि सभाका सदस्य पाँच जना र राष्ट्रिय सभाका सदस्य एक जनाको अनुपातमा समावेशिताको आधारमा बढीमा पच्चीस जना सदस्य रहनेछन् । | संघीय संसदको दुई सदनका बीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ । त्यस्तो संयुक्त समितिमा प्रतिनिधि सभाका सदस्य पाँच जना र राष्ट्रिय सभाका सदस्य एक जनाको अनुपातमा **समानुपातिक** समावेशितामा **(फरक फरक जाति तथा समुदायको)** आधारमा बढीमा पच्चीस जना सदस्य रहनेछन् । | लैगिक समावेशिता मात्र भैरहेको तथा एउटै जाति तथा समुदायबाट पटक पटक दोहोरिरहेको अवस्था |
| | १३७ | संवैधानिक इजलासको गठन : | **संवैधानिक अदालतको गठन:** | **समावेशी विज्ञ सहितको अलग संवैधानिक अदालत गठन हुनुपर्ने** |
| | १५३ | न्याय परिषदको गठन (केन्द्रिकृत मात्र रहेको) | **प्रदेश न्याय परिषद समानुपातिक समावेशी अनुसार गठन, न्युक्ति र संचालन गर्नु पर्ने** | राज्यको शासन प्रशासन संघीयता अनुसार सञ्चालन भैरहेको अवस्थामा न्यायपालिका केन्द्रिकृत भएकोले न्यायपालिकालाई पुर्नसंरचना गरिनु पर्ने |
| | १७८ | प्रदेश सभाको सदस्यका लागि योग्यता : (१) देहायको योग्यता भएको व्यक्ति प्रदेश सभाको सदस्य हुन योग्य हुनेछ :- | शैक्षिक योग्यता कम्तिमा कुनैपनि विषयमा स्नातक गरेको हुनुपर्ने | |
| | १८२(२) | उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । तर प्रदेश सभामा एक भन्दा बढी दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य प्रदेश सभामुख वा प्रदेश उपसभामुख हुन बाधा पर्ने छैन । | उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दल **र जाति समुदायको** प्रतिनिधित्व **एउटै जाति समुदायबाट नदोहोरिने गरी** हुनु पर्नेछ । | समानुपातिक समावेशिता नभैरहेकोले |
| | २१५ (४) | धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५)बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित | (४) धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता | मानव विकास सूचांक हेर्दा थारु महिला सूचांक औषत भन्दा झन कम रहेको हुनाले **थारु** महिला थप्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् । | भएका दलित, **थारु** वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् । | |
| | २१५(५) | देहायको योग्यता भएको व्यक्ति अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :- | **न्यूनतम शैक्षिक योग्यता माध्यमिक तहसम्मको शिक्षा उत्तिर्ण हुनु पर्ने** | सैद्धान्तिक र व्यवहारिक |
| | २१६ (५) | देहायको योग्यता भएको व्यक्ति प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :- | **न्यूनतम शैक्षिक योग्यता माध्यमिक तहसम्मको शिक्षा उत्तिर्ण हुनु पर्ने** | सैद्धान्तिक र व्यवहारिक |
| | २२० | (३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । | (३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित, **थारु** वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । | मानव विकास सूचांकमा थारु जातिको पहुँच औषत भन्दा कम रहेको हुनाले **थारु** थप्नु पर्ने । |
| | २२२ (२) | उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् । | (२) उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित, **थारु** वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् । | मानव विकास सूचांकमा थारु जातिको पहुँच औषत भन्दा कम रहेको हुनाले **थारु** थप्नु पर्ने । |
| | २२३ | (२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् । | (२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित, **थारु** वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् । | मानव विकास सूचांकमा थारु जातिको पहुँच औषत भन्दा कम रहेको हुनाले **थारु** थप्नु पर्ने । |
| | २४२(३) | लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् । | लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा **बीस प्रतिशत सदस्य** बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी **असी प्रतिशत समानुपातिक समावेशिको आधारमा** सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् । | पटक पटक सरकारको सेवा सुविधा पाइरहेको अवस्था |

थारु आयोग नेपाल

| | | | |
|---|---|---|---|
| २४५(६) | देहायको योग्यता भएको व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि योग्य हुनेछ :- | थप्नु पर्ने :- कुनैपनि राजनीतिक दलसँग आवद्ध नभएको व्यक्ति हुनु पर्ने<br>एकै जाति समुदायका कलष्टरबाट नदोहोरिने गरि नियुक्त हुनुपर्ने । | सैद्धान्तिक र व्यवहारिक |
| २६३ | थारु आयोग: | थारु आयोगलाई संशोधन गरी राष्ट्रिय थारु आयोग नामाकरण गर्ने र राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरहको अधिकार सम्पन्न बनाइ राष्ट्रिय थारु आयोगको काम, कर्तव्य र अधिकार संविधानमा नै उल्लेख गर्ने । | हाल सिफारिस मात्र गर्न पाउने अधिकार रहेको हुनाले आयोगको प्रभावकारी परिणाम ल्याउन कठिनाइ भैरहेको छ । |
| २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन : नेपाल सरकारले प्रत्येक दश वर्षमा हुने राष्ट्रिय जनगणनासँगै महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकांकको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नेछ । | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन : नेपाल सरकारले प्रत्येक दश वर्षमा हुने राष्ट्रिय जनगणनासँगै महिला, दलित र थारु जातिको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकांकको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नेछ । | नेपालको औषत मानव विकास सूचांक भन्दा थारु जातिको मानव विकास सूचांक भन तल रहेको हुनाले थारु जातिको विशेष अधिकारको व्यवस्था हुनुपर्ने । |
| २८२ | राजदूत र विशेष प्रतिनिधि : (१) राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । | (१) राष्ट्रपतिले पूर्ण समानुपातिक समावेशीको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । | हालसम्म थारु जातिबाट नगन्य व्यक्तित्वहरु अवसर पाएको अवस्था |
| २८३ | समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने: संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । | पूर्ण समानुपातिक समावेशीको आधारमा नियुक्ति गर्नु पर्ने, संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा पूर्ण समानुपातिक समावेशीको आधारमा गरिनेछ । | हालसम्म लैगिक समावेशी मात्र कार्यान्वयन भैरहेको हुनाले |
| २८५ | (२) संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ । | (२) संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम पूर्ण समानुपातिक समावेशीको आधारमा गर्नुपर्नेछ । | धारा ४७ मा यस संविधान बनेको ३ वर्षभित्र कानून बनाइ लागू गरिसक्नु पर्ने बाध्यात्मक व्यवस्था भएता पनि १० वर्ष बितिसक्दा पनि संघीय निजामती ऐन, शिक्षा ऐन लगायत कानून नबनेको हुनाले थारु जातिको हकमा कार्यान्वयन हालसम्म नभएको |
| २७४ को अनुसूची ४ | प्रदेश १ मा<br>१. ताप्लेजुङ २. पाँचथर ३. इलाम ४. संखुवासभा ५. तेह्रथुम ६. धनकुटा ७. भोजपुर ८. खोटाङ ९. सोलुखुम्बु १०. ओखलढुंगा ११. उदयपुर १२. झापा १३. मोरङ १४. सुनसरी | प्रदेश १ कोचिला प्रदेश (प्रस्तावित प्रदेशको नाम)<br>१. ताप्लेजुङ २. पाँचथर ३. इलाम ४. संखुवासभा ५. तेह्रथुम ६. धनकुटा ७. भोजपुर ८. खोटाङ ९. सोलुखुम्बु १०. ओखलढुंगा ११. | थारु कलष्टर मिलान गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | उदयपुर १२. झापा १३. मोरङ १४. सुनसरी १५. सप्तरी १६. सिरहा | |
| | २७४ को अनुसूची ४ | प्रदेश २<br>१. धनुषा २. महोत्तरी ३. सर्लाही ४. रौतहट ५. बारा ६. पर्सा ७. सप्तरी ८. सिरहा | प्रदेश २ जनक प्रदेश (प्रस्तावित प्रदेशको नाम)<br>१. धनुषा २. महोत्तरी ३. सर्लाही ४. रौतहट ५. बारा ६. पर्सा ७. मकवानपुर | थारु कलष्टर मिलान गर्न |
| | २७४ को अनुसूची ४ | प्रदेश ३<br>१. दोलखा २. रामेछाप ३. सिन्धुली ४. काभ्रेपलाञ्चोक ५. सिन्धुपाल्चोक ६. रसुवा ७. नुवाकोट ८. धादिङ ९. चितवन १०. मकवानपुर ११. भक्तपुर १२. ललितपुर १३. काठमाडौं | प्रदेश ३<br>१. दोलखा २. रामेछाप ३. सिन्धुली ४. काभ्रेपलाञ्चोक ५. सिन्धुपाल्चोक ६. रसुवा ७. नुवाकोट ८. धादिङ ९. भक्तपुर ११. ललितपुर १२. काठमाडौं | |
| | २७४ को अनुसूची ४ | प्रदेश ४<br>१. गोरखा २. लमजुङ ३. तनहुँ ४. कास्की ५.मनाङ ६. मुस्ताङ ७. पर्वत ८. स्याङजा ९. म्याग्दी १०. बाग्लुङ ११. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | प्रदेश ४<br>१. गोरखा २. लमजुङ ३. तनहुँ ४. कास्की ५.मनाङ ६. मुस्ताङ ७. पर्वत ८. स्याङजा ९. म्याग्दी १०. बाग्लुङ | |
| | २७४ को अनुसूची ४ | प्रदेश ५<br>१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) २. रूपन्देही ३. कपिलवस्तु ४. पाल्पा ५. अर्घाखाँची ६. गुल्मी ७. रुकुम (पूर्वी भाग) ८. रोल्पा ९. प्यूठान १०. दाङ ११. बाँके १२. बर्दिया | प्रदेश ५ थरुहट प्रदेश (प्रस्तावित प्रदेशको नाम)<br>१. चितवन २. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ३. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ४. रूपन्देही ५. कपिलबस्तु ६. दाङ ७. बाँके ८. सुर्खेत ९. बर्दिया १०. कैलाली ११. कञ्चनपुर | थारु कलष्टर मिलान गर्न |
| | २७४ को अनुसूची ४ | प्रदेश ६<br>१. रुकुम (पश्चिम भाग) २. सल्यान ३. डोल्पा ४. जुम्ला ५. मुगु ६. हुम्ला ७. कालिकोट ८. जाजरकोट ९. दैलेख १०. सुर्खेत | प्रदेश ६<br>१. रुकुम (पश्चिम भाग) २. सल्यान ३. डोल्पा ४. जुम्ला ५. मुगु ६. हुम्ला ७. कालिकोट ८. जाजरकोट ९. दैलेख | |
| | २७४ को अनुसूची ४ | प्रदेश ७<br>१. बाजुरा २. बझाङ ३. डोटी ४. अछाम ५. दार्चुला ६. बैतडी ७. डडेल्धुरा ८. कञ्चनपुर ९. कैलाली | प्रदेश ७<br>१. बाजुरा २. बझाङ ३. डोटी ४. अछाम ५. दार्चुला ६. बैतडी ७. डडेल्धुरा | |
| | | | | |

थारु आयोग नेपाल

# अनुसूची – ३

## परिहन तथा गरगहनाको तस्विरहरू



सप्तरीका थारू महिला आफ्नौ मौलिक पहिरनमा



मोरङ जिल्लाका थारू महिला मोरङ्या परिहनमा



पुर्वतिरका थारू युवतिहरु लेहंगा परिहनमा



डंगरौ थारू युवतिहरु थारू परिहनमा



डंगौरा थारू आफ्नै मौलिक परिहनमा



डंगौरा थारू महिला उज्जर गट्या सहित उज्जर पहिरनमा



बर्दियाका थारू महिला लेहंगा परिनमा



चोल्या ब्लाज र गोन्यामा दाङका थारू महिला



उज्जर गोन्या, लाल व्लाजमा थारू महिला



लेहंगामा पहिरनमा देउखुरीमा थारू महिला



राना थारू महिलाको पहिरन



राना थारू महिलाको पहिरन



डुल्हा र डुलही भ्वाज पहिरनमा



लेहंगा परिहन



पाँची




झिलमिल्या



माला



वाँका



*हसुली*



*मंगिया*



*टर्या*



*नथ्या*



*पायल*



*बाला*



*झिलमिल्या*



*मुन्द्री*



*कुकुरमन्का*



*हातमा लगाएको टर्या*

# राना थारू महिलाले लगाउने गहनाहरू















# अनुसुची - ४

## आ.व.२०८२/८३ मा संचालन भएका गतिविधिहरूको तस्विरहरू



*सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय का.बा. अध्यक्षज्यू*



*सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गरेपश्चात् लिएको सामूहिक तस्वीर*



बागमती प्रदेश प्रमुख समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाइसकेपछिको सामूहिक तस्विर




लुम्बिनी प्रदेश प्रमुखज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय का.वा. अध्यक्षज्यू




*लुम्बिनी प्रदेश प्रमुख समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाइसकेपछिको सामूहिक तस्विर*



*कर्णाली प्रदेश प्रमुख समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु हुँदै आयोगका मा. का.वा. अध्यक्ष*




*सुदूरपश्चिम प्रदेश प्रमुखज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाएपश्चात लिइएको सामूहिक तस्विर*




*मधेश प्रदेश प्रमुखज्यूलाई आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाउँदै आयोगका माननीय सदस्य भोलाराम चौधरी*




*मधेश प्रदेश प्रमुख समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाई सकेपछिको सामूहिक तस्विर*



*गण्डकी प्रदेशका प्रदेश प्रमुखज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नु हुँदै आयोगका माननीय सदस्य शान्ती मोदी*



*गाण्डकी प्रदेश प्रमुख समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन बुझाई सकेपछिको सामूहिक तस्विर*




*कोशी प्रदेश प्रमुखज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका मा. सदस्य शान्ती मोदी*



कोशी प्रदेश प्रमुख समक्ष आयोगको सातौ वार्षिक प्रतिवेदन बुझाई सकेपछिको सामूहिक तस्विर




महिला अधिकार र थारू महिला विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरू, काठमाडौं




*थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम, सुर्खेत*




*थारू मानक व्याकरण तथा स्तरीकरण प्रारम्भ गोष्ठीमा आयोगका माननीयज्यूहरू छलफल गर्दै*



*थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रम, विराटनगर*




*थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रमको सामूहिक तस्बीर, दाङ*




*थारू कल्याणकारिणी सभाको ७७ औ स्थापना दिवसमा आयोगका मा.का.बा. अध्यक्षज्यू लगायतको समूहिक तस्वीर*



*धार्मिक सहिष्णुता तथा सामाजिक एकता प्रबर्द्धनका विषयमा विभिन्न आयोगका पधाधिकारीहरूबीच गृह मन्त्रालयमा छलफल*



*सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफलका क्रममा प्रमुख अतिथि माननीय मन्त्री सीता बादी तथा अन्य सहभागीहरू, काठमाडौँ*




*संविधान संशोधन सुझाव कार्यदलले दिएको प्रतिवेदन ग्रहण गर्नुहुदै आयोगका माननीयज्यूहरू*




*सरोकारवालासँग समसामयिक विषयमा छलफल कार्यक्रम, दाङ*



*सरोकारवाहरूसँग समसामयिक विषय अन्तर्गत (थारू भाषा) सम्बन्धी छलफल कार्यक्रमका सहभागीहरू, मधेश प्रदेश*




*थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा कार्यक्रममा सहभागीहरू, टीकापुर, कैलाली*



*सरोकारवालाहरूसँग समसामयिक विषयमा छलफल कार्यक्रका सहभागीहरू, विराटनगर, मोरङ*



*बाल बिवाह, बालश्रम तथा लागूऔषध  नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रम झुम्का, सुनसरी*



*आनुबंशिक श्रोतमा पहुँच, उपयोग, लाभको बाँडफाँड र थारू समुदायको सहभागिता छलफलका सहभागिहरू*



*बालश्रम, बाल विवाह तथा लागूऔषध  नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम, गुलरिया, बर्दिया*



*बालश्रम, बाल विवाह तथा लागूऔषध नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रमका सहभागीहरू, गुलरिया, बर्दिया*




*सरोकारवालाहरूसँग समसामयिक बिषयमा छलफल कार्यक्रममा सहभागीहरू, बिराटनगर, मोरङ*



*सचेतनामूलक कार्यक्रमका सहभागीहरू, झुम्का, सुनसरी*




# थारु आयोग, नेपाल


अनामनगर, काठमाडौं

फोन नं.: ०१-५७०५११८, ०१-५७०५११९, ०१-५७०५०८४

टोल फ्रि नम्बर : १६६०-०१-५७-०००

इमेल : info@tharucommission.gov.np

वेबसाइट : http://www.tharucommission.gov.np